# अध्याय एक : शोधपत्रको परिचय

## अध्ययनको पृष्ठभूमि

शैलीविज्ञान आधुनिक भाषाविज्ञानको प्रारम्भ भएपछि साहित्यिक समालोचनाको नवीनतम विधाका रूपमा विकसित भएको पाइन्छ। जुन भाषावादी सिद्धान्त र पद्धतिका रूपमा भाषाविज्ञानको एउटा महत्त्वपूर्ण शाखा मानिन्छ। यसले मौखिक वा लिखित साहित्यिक सङ्कथनका विशिष्ट शैलीको भाषावैज्ञानिक अध्ययन गर्दछ (शर्मा, २०४८:२)। संस्कृतको 'शी' धातुमा 'लक' प्रत्यय लागेर 'शील' शब्दको व्युत्पादन भएको र यही 'शील' शब्दमा 'ई' प्रत्यय जोडिई 'शैली' शब्दको निर्माण भएको हो (शर्मा, २०४८:३)। आधुनिक युगमा भाषाविज्ञानको साहित्यिक भाषा वा काव्यभाषाको प्रारम्भ भएको मानिन्छ (शर्मा, २०४८:४)। शैलीविज्ञान आधुनिक युगमा विकसित नयाँ विज्ञान वा शास्त्र हो तर पूर्व र पश्चिम दुवैतिर यसको पुरानो परम्परा देख्न पाइन्छ (शर्मा, २०४८:४)। पूर्वमा भरत, भामह, दण्डी आनन्दवर्धन, क्षेमेन्द्र, कुन्तक आदिका साहित्य सम्बन्धी चिन्तनमा प्रसस्त विवेचना पाइन्छ भने पश्चिममा ग्रिसेली प्लेटो, अरस्तु, सिसेरो जस्ता विद्वानहरूले शैली विषयक विवेचना गरेको पाइन्छ (शर्मा, २०४८:४)। शैलीविज्ञानलाई भाषाविज्ञान र साहित्यशास्त्रको मिलनबिन्दु पनि भनिन्छ।

ल्याटिन भाषाको Stylus शब्दबाट अङ्ग्रेजी भाषाको Style शब्द बनेको हो। यही शैलीको व्यवस्थित अध्ययनलाई नै शैलीविज्ञान भनिन्छ (शर्मा, २०४८:४)। शैलीविज्ञानलाई अङ्ग्रेजी शब्द Stylistics को नेपाली रूपान्तर मानिन्छ। अङ्ग्रेजीको Style मा ist र ics जोडिएर यस शब्दको निर्माण भएको हो। उन्नाइसौँ शताब्दीको प्रारम्भतिरदेखि जर्मनमा प्रचलित Stilistik, अङ्ग्रेजीमा सन् १८६४ देखि प्रचलित Stylistic तथा फ्रेन्चमा १९७२ देखि प्रचलित Stylistique जस्ता शब्द नै आधुनिक शैलीविज्ञानका पूर्वज हुन् (शर्मा, २०४८:४)। शैलीविज्ञानको सामान्य अर्थ 'शैलीको अध्ययन गर्ने विज्ञान' भन्ने पाइन्छ भने विशिष्ट अर्थ भाषाको माध्यमबाट गरिने वस्तुनिष्ठ आलोचना प्रणाली भन्ने पाइन्छ (शर्मा, २०४८:४)।

शैलीवैज्ञानिक अध्ययन विश्लेषणको माध्यमबाट नेपाली साहित्यको भाषापरक अध्ययन गर्ने परम्पराको ऐतिहासिक पृष्ठभूमि त्यति लामो पाइँदैन। नेपाली शैलीवैज्ञानिक अध्ययन विश्लेषण गर्ने परम्परा वि.सं. २०३० को दशकदेखि हालसम्म रहँदै आएको

पाइन्छ । तर शैलीवैज्ञानिक अध्ययन विश्लेषणको थालनी भने नेपाली भाषाले शैलीवैज्ञानिक अध्ययनमा पाश्चात्य आङ्गल अमेरिकाली र हिन्दी शैलीवैज्ञानिक अध्ययनबाट प्रमाण पाएको कुरालाई नकार्न सकिँदैन ।

विगत एक शताब्दी (सन् १९१५) यताका शैलीवैज्ञानिक यात्राका क्रममा शैलीसम्बन्धी पाँच आधारभूत दृष्टिकोण देखापरेका छन् र ती हुन् : (क) शैलीलाई लेखकीय भाव-विचारको गुदीको भाषिक बाह्य आवरण वा सामान्य भाषामा थपिएको अतिरिक्त भाषिक-पराभाषिक तत्त्व मान्ने, (ख) शैलीलाई लेखकको मनोलोकको प्रतिबिम्बक वैयक्तिक भाषिक प्रवृत्ति मान्ने, (ग) शैलीलाई भाषागत मानक विचलनका रूपमा हेर्ने, (घ) शैलीलाई उपलब्ध भाषिक विकल्पमध्येको चयन र विन्यास मान्ने, (ङ) शैलीलाई भाषाका व्याकरणात्मक ढाँचा (सन्ध्वनि/लेखिम/रुपिम, समरूप-शब्द पद, पदावली/खण्डकाव्य, वाक्यभन्दा विशिष्ट अन्तर वाक्यीय वाक्योत्तर) सङ्कथनगत वैशिष्ट्य मान्ने (त्रिपाठी, २०५८:४७७) ।

यसरी अध्ययन गर्दै जाँदा के भन्न सकिन्छ भने आधुनिक युगमा शैलीविज्ञानको शुभारम्भ गर्ने श्रेय प्रसिद्ध भाषावैज्ञानिक फर्डिनान्ड डी. सस्युरलाई छ। वर्णनात्मक भाषाविज्ञानका प्रवर्तक सस्युर र उनका शिष्य चार्ल्स वालीका कार्यबाट वर्तमान युगमा शैलीविज्ञानको सुरुवात भएको पाइन्छ (शर्मा, २०४८:४)। शैली तथा शैलीवैज्ञानिक चिन्तनको प्रारम्भ पश्चिमीभन्दा पूर्वीय परम्परा निकै सुदीर्घ भेटिन्छ । "शैलीविज्ञान भाषाविज्ञानको त्यो क्षेत्र हो, जुन भाषाका विविध प्रयोगहरूको अध्ययन र विश्लेषणमा केन्द्रित रहेको पाइन्छ।" शैलीविज्ञानको सैद्धान्तिक तथा प्रविधिगत ढाँचाका आधारमा पनि साहित्यिक कृतिको व्यवस्थित, क्रमबद्ध र वस्तुनिष्ठ अध्ययन गर्न सकिन्छ। शैलीविज्ञानको सैद्धान्तिक पक्ष, वैज्ञानिक पक्ष, सम्बन्धित कृति, भाषाविज्ञानको प्रकृति र व्याकरणका बारेमा जानकारी प्राप्त गरेको हुनुपर्छ। स्वायत्त एकाइका रूपमा शैलीविज्ञानलाई साहित्य समालोचनाको सिद्धान्त र प्रणाली दुवै मानिन्छ (शर्मा, २०४८:१२) ।

शैलीविज्ञान विश्लेषण र मूल्याङ्कन गर्नुपर्दा मुख्यतः पाश्चात्य भाषा सिद्धान्तमा आधारित वर्णनात्मक संरचनात्मक, साहित्यको भाषावादी, वस्तुवादी, वैज्ञानिक, सिर्जनात्मक आलोचना प्रणाली मानिन्छ (शर्मा, २०४८:१३) । यसले साहित्यिक कृतिको संरचना, बनोट आदिलाई खोतल्छ र विश्लेषणद्वारा अन्तर्निहित कला, सौन्दर्य र साहित्य कलाको उद्घाटन

गर्छ (शर्मा, २०४८:१३) । शैलीविज्ञानले चयन, अग्रभूमि निर्माण, समानान्तरता, विचलन, विविधताका आधारमा कृतिमा शैलीको पहिचान गर्ने प्रयास गर्छ (शर्मा, २०४८:११) ।

**धर्मा** शोक महाकाव्यको शैलीवैज्ञानिक अध्ययनको रूपमा रहेर हेर्दा, यस **धर्मा** महाकाव्यकार कोमलप्रसाद पोखरेलद्वारा लिखित बुद्ध अफसेट, बिर्तामोडबाट प्रकाशित भएको हो । कोमलप्रसाद पोखरेलले पत्नीको वियोगमा महाकाव्य तयार गरेका छन् । यस महाकाव्यमा धर्मादेवी पोखरेलको समग्र जीवनी प्रस्तुत छ । यस काव्यमा महाकाव्यकारले पत्नीविहिन पतिका पीडाको बोध उसैले मात्र थाहा पाउँछ जसमा यो बज्रपात परेको होस् । यही बज्रपातका कारणले स्रष्टामा यो भावबोध भएर यस दिशातिर मोडिएको काव्य हो ।

यस महाकाव्यमा विभिन्न कोणबाट शैलीवैज्ञानिक अध्ययन, विश्लेषण गर्नु नै अनुसन्धानका क्षेत्रहरू रहेका छन् । नेपाली शिक्षा विषयको स्नातकोत्तर एम.एड. दोस्रो वर्षको आवश्यकता पूर्तिका लागि कनकाई बहुमुखी क्याम्पस सुरुङ्गाबाट '**धर्मा**' शोक महाकाव्यको शैलीवैज्ञानिक अध्ययनको विश्लेषण पश्चात शोध विधिको प्रयोग गरी शोधपत्र लेख्ने कार्यलाई अगाडि बढाउने प्रयास गरिएको छ ।

## समस्याकथन

यस शोधको समस्या भनेको महाकाव्यकार कोमलप्रसाद पोखरेलको धर्मा शोक महाकाव्यको शैलीवैज्ञानिक अध्ययन गर्नु हो । यस महाकाव्यमा सङ्कलित कविताहरूको लेखन शैली, भाषिक प्रयोग, रचना शिल्प, संरचना आदि विषयवस्तुका आधारमा हालसम्म शैलीवैज्ञानिक अध्ययन विश्लेषण र मूल्याङ्कन नभएको हुँदा उल्लेखित महाकाव्यभित्र समाविष्ट कविताहरूको शैलीवैज्ञानिक अध्ययन-विश्लेषण र मूल्याङ्कन गर्नु नै अध्ययनको मुख्य समस्या रहने छ । *धर्मा* महाकाव्यमा समाविष्ट कविताहरूको शैलीवैज्ञानिक अध्ययन र विश्लेषण निम्न समस्याहरूमा केन्द्रित रहेको छ :

क) कथावस्तु र पात्रका आधारमा धर्मा शोक महाकाव्य के-कस्तो रहेको छ ?

ख) शैलीविज्ञानका प्रमुख मान्यता (चयन, विचलन, समानान्तरता) का आधारमा धर्मा शोक महाकाव्य के-कस्तो छ ?

## शोधकार्यको उद्देश्य

धर्मा शोक महाकाव्यमा समाविष्ट कविताहरूको शैलीवैज्ञानिक अध्ययन शोधशीर्षकसँग सम्बन्धित शोधकार्य निम्न उद्देश्यहरूमा केन्द्रित रहेको छ :

क) कथावस्तु र पात्रका आधारमा धर्मा महाकाव्यको विश्लेषण गर्नु,

ख) चयन, विचलन र समानान्तरताका आधारमा धर्मा शोक महाकाव्यको विश्लेषण गर्नु,

## अध्ययनको औचित्य र महत्त्व

कुनै पनि विषय क्षेत्रमा गरिएको अध्ययन अनुसन्धान उपलब्धिमूलक र फलदायक रहन्छ। कृतिको शैलीवैज्ञानिक अध्ययनले के कस्तो उपलब्धि वा लाभ प्राप्त गर्न सकिन्छ भन्ने कुराको वास्तविक तथ्यको प्रस्तुत कृतिको शैलीवैज्ञानिक अध्ययनले लेखक तथा कृतिको जानकारी प्राप्त गर्न सकिन्छ।

कृतिको शैलीवैज्ञानिक अध्ययनबाट कृतिमा प्रयोग भएका भाषिक संरचना एवम् कृतिको प्रस्तुतिगत शैली लेखनलाई भावी दिनमा कृतिको कमी कमजोरी सुधार गरी नयाँ कृतिहरूको सिर्जना गर्न थप पृष्ठपोषण प्राप्त हुन्छ। भावी अनुसन्धान कर्ताहरूलाई कृतिको थप मूल्याङ्कन गर्न अन्य कविताहरूलाई शैलीवैज्ञानिक अध्ययन गर्न महत्त्वपूर्ण एवम् मार्ग निर्देशकको रूपमा सहयोग पुग्ने भएकाले यस कथाको औचित्य र महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ। **धर्मा** शोक महाकाव्यभित्रको कविताहरूको शैलीवैज्ञानिक अध्ययनलाई केन्द्रविन्दु बनाई यसलाई शैलीवैज्ञानिक अध्ययन शोधशीर्षकका लागि समेत अध्ययन अनुसन्धान गर्नु रहेकाले यसको औचित्य र महत्त्व स्पष्ट रहन्छ।

## अध्ययनको सीमाङ्कन

अध्ययन अनुसन्धानको क्षेत्र व्यापक हुन्छ। व्यापक क्षेत्रको अनुसन्धान गर्दा शोधकार्य वस्तुगत वैज्ञानिक र सार्थक नभई सैद्धान्तिक रूपमा आधार र ढाँचाविहीन हुन्छ जसले गर्दा अध्ययन सूक्ष्म र विशिष्ट नभई शारीरिक संरचना नमिलेको मासुको थुप्रो जस्तो मात्र हुन्छ। यसकारण यो शोधकार्य पूरा गर्नका लागि निम्न सीमामा रही *धर्मा* महाकाव्यमा समाविष्ट कविताहरूको अध्ययन गरिएको छ।

क) तत्त्वगत (कथावस्तु, चरित्र) आधारमा धर्मा महाकाव्यमा भएका कविताहरूमा यस अध्ययनलाई केन्द्रित गरिएको छ ।

ख) चरित्रको लिङ्ग, कार्य, प्रवृत्ति, आसन्नता, आबद्धताका आधारमा मात्र अध्ययन गरिएको छ ।

ख) शैली विज्ञानका प्रमुख मान्यताहरू (चयन, विचलन, समानान्तरता) का आधारमा मात्र धर्मा शोक महाकाव्यका कविताहरूको अध्ययन, विश्लेषण गरिएको छ ।

## पारिभाषिक शब्द

**प्राथमिक स्रोत** : अनुसन्धानकर्ताले पहिलो पटक प्रयोग गरेको तथ्य र सामग्री

**चयन** : धेरैमध्ये कुनै एकको छनोट गर्ने कार्य/ छान्ने/ रोज्ने

**समानान्तरता** : पद/पदावली वाक्यांश/वाक्य वा भावार्थको पुनरावृत्ति हुनु

**विचलन** : मानक भाषाको अतिक्रमण गर्नु

## शोधपत्रको रूपरेखा

अध्याय एक : शोधपत्रको परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना

अध्याय तीन : अध्ययनको प्रक्रिया/विधि

अध्याय चार : व्याख्या विश्लेषण

अध्याय पाँच : निष्कर्ष तथा उपसंहार

# अध्याय दुई : पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना

## पूर्वकार्यको समीक्षा

नेपालमा व्यवस्थित र वैज्ञानिक नेपाली भाषाका विविध क्षेत्रमा शोधकार्यहरू नेपाली भाषाका विविध क्षेत्रमा शोधकार्यहरू वि.सं. २०१६ सालमा त्रि.वि. को स्थापना पश्चात् भएको पाइन्छ। वि.सं. २०३९ सालमा त्रि.वि.ले मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तहमा नेपाली विषयको शिक्षण प्रारम्भ गरेपछि साहित्यतर्फ प्रशस्त खोज अनुसन्धान भएका छन्। वि.सं. २०४१ सालदेखि त्रि.वि.ले शिक्षाशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तहमा नेपाली विषयको शिक्षण सुरु गरेपछि भाषा शिक्षण सम्बन्धी अनुसन्धानहरू हुँदै आएका छन्। शिक्षाशास्त्र सङ्काय एम.एड. नेपाली दोस्रो वर्षको पाठ्यांश पूरा गर्ने प्रयोजनका निम्ति अनुसन्धान भएका छन्। हालसम्म उपन्यास, नाटक, गीतिनाटक खण्डकाव्य र निबन्ध सङ्ग्रह, कथासङ्ग्रहका क्षेत्रमा शैलीवैज्ञानिक अध्ययन भएको पाइन्छ। हालसम्म भएको शैलीवैज्ञानिक अध्ययनहरूमा सबैभन्दा बढी उपन्यासहरूमा पाइन्छ।

भट्टराई, नारायण (२०६९), *'बाटुली' पत्रकाव्यको शैलीवैज्ञानिक अध्ययन* शीर्षकको शोधपत्रको उद्देश्य शैलीविज्ञानको सैद्धान्तिक अवधारणाको चर्चा गर्नु, बनोट र बुनोट आधारमा 'बाटुली' पत्रकाव्यको विश्लेषण गर्नु, चयनका आधारमा 'बाटुली' पत्रकाव्यको विश्लेषण गर्नु, विचलन र समानान्तरका आधारमा 'बाटुली' पत्रकाव्यको विश्लेषण गर्नु छ भने यस शोधपत्रमा पुस्तकालयीय र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ भने 'बाटुली' पत्रकाव्य प्रतीकात्मक भाषिक प्रयोगले आलङ्कारिक बन्न पुगेको छ। त्यसैगरी व्याकरणिक, अर्थतात्विक, ध्वनिप्रक्रियात्मक आदि विचलनले काव्यलाई जीवन्तता प्रदान गरेको पाइन्छ। त्यस्तै समान तत्वहरूको पुनरावृत्ति गरी समानान्तरताको निर्वाह गरिएको पाइन्छ। जसले काव्यको भाषिक प्रयोगमा नियमितता सिर्जना गरेर आकर्षण बढाउनुका साथै सौन्दर्योद्घाटनसमेत गरेको पाइन्छ भनी उल्लेख गरिएको छ।

खरेल, (२०७०), *'तारा' शोककाव्यको शैलीवैज्ञानिक अध्ययन* शीर्षकको शोधपत्रमा शोधपत्रको उद्देश्य शैलीविज्ञानको सैद्धान्तिक अवधारणाको चर्चा गर्नु, बनोट र बुनोटका आधारमा 'तारा' शोककाव्यको विश्लेषण गर्नु, चयनका आधारमा 'तारा' शोककाव्यको

विश्लेषण गर्नु, विचलन र समानान्तरताका आधारमा 'तारा' शोककाव्यको विश्लेषण गर्नु हो भने पुस्तकालयीय तथा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ भने 'तारा' शोककाव्यमा तत्सम शब्द, तद्भव शब्द आगन्तुक, शब्द, नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियाविशेषण, नामयोगी, निपात, संयोजक, विस्मयादिबोधक, प्रश्नसूचक चिह्न, अनुकरणात्मक शब्द, समस्त शब्द आदिको उपयुक्त ढङ्गले चयन गरी भाषिक जीवन्तता प्रदान गरेको पाइन्छ भनी उल्लेख गरेको छ ।

गिरी, एकराज (२०७१), *'आमाको सपना' कविता सङ्ग्रहमा व्याकरणिक कोटि विचलनको अध्ययन* शीर्षकको शोधपत्रको उद्देश्य 'आमाको सपना' कवितासङ्ग्रहमा प्रयुक्त व्याकरणिक कोटि विचलनको पहिचान गर्नुका साथै विचलनका आधारमा कृतिको विश्लेषण र मूल्याङ्कन गर्नुका साथै पुस्तकालयीय, वर्णनात्मक र व्याख्यात्मक विधिको प्रयोग गरिएको छ भने साहित्यिक भाषामा व्याकरणिक कोटि विचलन एउटा विशिष्ट प्रक्रिया हो । प्रचलित परम्पराका कारण रुढ र यान्त्रिक बन्न पुगेको अभिव्यक्तिको सामान्य भाषिक पद्धतिका विरुद्ध काव्यिक शैलीमा विलक्षण र नवीनतम प्रयोगहरू, वक्रोतिको विशिष्ट कौशल तथा अभिव्यञ्जनाको नवीन ढाँचालाई प्रस्तुत गर्ने प्रणाली नै विचलन हो प्रस्तुत गरेका छन् ।

थापा, नरेन्द्रप्रकाश (२०७२), *'अन्तर्व्यथाः आजको' कथासङ्ग्रहमा समाविष्ट कथाहरूको शैली वैज्ञानिक अध्ययन* शीर्षकको शोधपत्रमा निम्न उद्देश्यहरू राखेका छन् क) कथावस्तु र पात्रका आधारमा 'आशीर्वाद', 'शिक्षाको जग' र 'मिलापत्र' कथाको विश्लेषण गर्नु ख) चयन, विचलन र समानान्तरताका आधारमा 'आशीर्वाद', 'शिक्षाको जग' र 'मिलापत्र' कथाको विश्लेषण गर्नु रहेको छ । उक्त शोधमा पुस्तकालयीय विधिको प्रयोग गरी आवश्यकता अनुसार विज्ञहरूको सुझावलाई समेत आत्मसाथ गरिएको कुरा उल्लेख गरेका छन् । यसमा *अन्तर्व्यथाः आजको* कथासङ्ग्रहमा सङ्कलित कथाहरू 'आशीर्वाद', 'शिक्षाको जग', 'मिलापत्र' कथाको चयन, विचलन र समानान्तरताका आधारमा शैलीवैज्ञानिक अध्ययन विश्लेषण गरिएको छ । चयनका आधारमा, तत्सम, तद्भव, आगन्तुक तीनै स्रोतबाट आएका शब्दहरूको चयन गरिएको छ । त्यस्तै नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियाविशेषण, नामयोगी, संयोजक र निपातका आधारमा शब्द चयन गरिएको छ । उक्त कार्यले कथाहरूलाई रोमाञ्चक, सरल, सहज र बोधगम्य बनाएको छ । यी कथाहरूमा विन्दु चिह्न, प्रश्नसूचक चिह्न, विस्मयादिबोधक चिह्नको समुचित प्रयोग गरिएको छ । विचलन

अन्तर्गत कोशीय, व्याकरणिक र ध्वनिप्रक्रियात्मक अर्थतात्विक विचलनको अध्ययन विश्लेषण गरिएको छ भने समानान्तरता अन्तर्गत बाह्य र आन्तरिक समानान्तरताको पनि अध्ययन र विश्लेषण गरिएको छ भनी उल्लेख गरेका छन् (भट्टराई, २०७२:६९) ।

भट्टराई (२०६७) द्वारा *'प्रेतकल्प' उपन्यासको शैलीवैज्ञानिक अध्ययन* गरेको देखिन्छ । उक्त अध्ययनका उद्देश्यहरूमा (क) कथानकका अधारमा 'प्रेतकल्प' उपन्यासको विश्लेषण गर्नु, (ख) चरित्रका आधारमा उक्त उपन्यासको विश्लेषण गर्नु, (ग) चयनका आधारमा उक्त उपन्यासको विश्लेषण गर्नु र (घ) विचलन र समानान्तरताका आधारमा उक्त उपन्यासको विश्लेषण गर्नु रहेको छन् । उक्त शोधमा पुस्तकालयीय विधिको प्रयोग गरी आवश्यकता अनुसार विज्ञहरूको सुझावहलाई समेत आत्मसाथ गरिएको कुरा उल्लेख गरेका छन् । यस 'प्रेतकल्प' उपन्यासमा भएको कथानकको विकासक्रम प्राचीन रैखिक ढाँचामा रहेको बताएका छन् । उक्त शोधमा राजाकालीन नेपाली समाजको यथार्थ चित्रण जातीय भेदभाव, बालविवाह, विधवा, विरोधी मूल्य र मान्यताले नेपाली समाजमा परेका नकरात्मक प्रभाव वर्गीय द्वन्द्व र महिला मुक्तिलाई महत्वका साथ हेरेको निष्कर्ष निकालेका छन् । पात्र विधानका दृष्टिले थुप्रै मानवीय र मानवेत्तर पात्रको प्रयोग गरिएको र तिनीहरू मध्ये मञ्चीय, स्थिर, वर्गीय, प्रतिकूल सहायक र पुरुष पात्रहरूको बाहुल्यता रहेको, भाषिक प्रयोगका दृष्टिले उपयुक्त र प्रभावकारी हुनुका साथै विविध विचलन र समानान्तरताका कारण उपन्यास जीवन्त सार्थक र प्रभावकारी रहेको निष्कर्ष निकालेका छन् (भट्टराई, २०६७ : ७२, ७४) ।

सुवेदी (२०७३) द्वारा *'दमिनी भीर' उपन्यासको शैलीवैज्ञानिक अध्ययन* गरिएको पाइन्छ । उक्त अनुसन्धानका उद्देश्यहरू क) 'दमिनी भीर' उपन्यासमा चयनको अध्ययन गर्नु, ख) 'दमिनी भीर' उपन्यासमा विचलनको अध्ययन गर्नु, 'दमिनी भीर' उपन्यासमा समानान्तरताको खोजी गर्नु र चरित्रको विश्लेषण गर्नु रहेका छन् । उक्त शोधकार्यमा पुस्तकालयीय विधिलाई प्रमुख विधिका रूपमा चयन गरी वर्णनात्मक विधिको समेत प्रयोग गरिएको पाइन्छ । सहायक सामग्री पत्र, पत्रिका, शोधपत्र, स्वयम् शैली,वैज्ञानिक विश्लेषणसँग सम्बन्धित लेख, रचनामार्फत उक्त शीर्षकमा शोधपत्र तयार पारिएको कुरा सुवेदीले उल्लेख गरेका छन् । 'दमिनी भीर' उपन्यासमा वि.सं. २००७ साल अघिको राजनीतिक परिवेश १० वर्षे जनयुद्धको अन्त्य गरी समाजमा रहेका विभिन्न समस्याहरूलाई

केलाउँदै अन्याय अत्यचारको अन्त्य गर्नुपर्ने कुरामा जोड दिइएको, बिम्ब प्रतीकहरूको प्रयोग, उखान टुक्काको चयन, पर्यायवाची शब्दको चयन, निजी भाषाको चयन गरिएको एवम् आन्तरिक र बाह्य समानान्तरताको समुचित प्रयोग भएका कारण उपन्यास उत्कृष्ट बनेको निष्कर्ष निकालिएको छ (सुवेदी, २०७३:४४)। यसको उद्देश्यहरूमा (क) 'बसाई' उपन्यासको कथानकको विश्लेषण गर्नु, (ख) पात्रहरूको शैलीवैज्ञानिक आधारमा वर्गीकरण र विश्लेषण गर्नु, (ग) चयन, विचलन र समानान्तरताका आधारमा उक्त उपन्यासको विश्लेषण गर्नु रहेको छ। समाजमा रहेको रुढीवादी परम्परा, शोषण, दमन र उत्पीडन जस्ता पक्षको चित्रण गरिएको पाइन्छ।

नेपाल (२०७३) 'सारस र सञ्जीवनी' उपन्यासको शैलीवैज्ञानिक विश्लेषण शीर्षकको शोधपत्रमासारस र सञ्जीवनी उपन्यास भाषिक चयनका आधारमा तत्सम, तद्भव, आगन्तुक, झर्रा तथा अनुकरणात्मक शब्दको चयन औचित्यपूर्ण रहेको पाइन्छ। नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियाविशेषण, पदवर्गको चयनमा मानक भाषाको नै बढी प्रयोग पाइन्छ। समानान्तरता र विचलन उपयुक्त रहेको पाइनुका साथै चिन्हहरूको प्रयोगमा सबै चिन्हहरू कृतिमा प्रयुक्त छन्, जस्तैः प्रश्न चिन्ह, पूर्णविराम, अर्धविराम, योजक चिन्ह, विस्मयादिबोधक चिन्ह, विसर्ग, अनुस्वार, शीरबिन्दु जस्ता सबै चिन्हको संयोजनले कृति सुन्दर छ। वाक्य गठनमा एक शब्देदेखि धेरै लामा, सरल, संयुक्त, मिश्र वाक्यका साथै धेरै लामालामा वाक्यको प्रयोग बढी पाइनुका साथै ग्रीक आख्यान र नेपाली आख्यानलाई मिश्रण गरेर तयार गरिएको यस कृतिमा रहेका मानवीय तथा मानवेत्तर पात्रहरू तथा ईश्वर जस्ता अदृश्य पात्रहरूको प्रयोगमा अत्याधिक पात्रहरू प्राचीन ग्रीक आख्यानबाट लिइएका छन् भनी उल्लेख गरेकी छिन्।

## पूर्वकार्यको उपयोगिता

पूर्वकार्यको समीक्षा महाकाव्यकार कोमलप्रसाद पोखरेलले '**धर्मा**' शोक महाकाव्यको शैलीवैज्ञानिक अध्ययन हालसम्म कहीँ कतैबाट पनि नभएको कुरा पुष्टी गर्न उपयोगी बनेको छ। पूर्वकार्यको समीक्षाबाट निस्केका निष्कर्षले शोधार्थीहरूलाई थप ज्ञान प्राप्त हुने गर्दछ। त्यसकारण पूर्वकार्यको सुझाव शोधकार्यलाई सहज बनाउन र अध्ययनलाई व्यवस्थित पार्नका लागि शैलीवैज्ञानिक अध्ययनले प्रभावकारी भूमिका खेलेको पाइन्छ त्यसकारण पूर्वकार्यको उपयोगिता महत्वपूर्ण देखिन्छ।

यसका साथै कथामा प्रयुक्त पात्रहरूको शैलीवैज्ञानिक आधारमा वर्गीकरण तथा विश्लेषण गरिएको छ ।

- उद्देश्य निर्धारणमा सहयोग पुग्ने
- अध्ययनको सैद्धान्तिक धारणा निर्माण गर्न
- समस्यालाई विशिष्टिकरण गर्न सहयोग

यसरी विभिन्न कार्यमा सहयोग पुग्ने भएकाले पूर्वकार्यको उपयोगिता प्रष्ट हुन्छ । **धर्मा** शोक महाकाव्यको शैलीवैज्ञानिक अध्ययन एवम् विश्लेषण पहिले नगरिएकोले अरूभन्दा मौलिक तथा भिन्न खालको अध्ययन रहेको हुनाले शिक्षक तथा पाठकवर्गलाई समेत कृतिमा भएका भाषिक विशिष्टताको पहिचान गर्न थप सहयोग पुग्दछ ।

प्रस्तुत शोधकार्यमा प्रारूप निर्माणका लागि (पन्थी २०६२) । सामग्री सङ्कलनका निम्ति सुवेदी (२०६२) सामग्री सङ्कलन विश्लेषणका निम्ति (दाहाल २०६३), । तथ्याङ्कको प्रवृत्तिका निम्ति (भट्टराई २०६४) को उपयोग गरिएको छ ।

## सैद्धान्तिक रूपरेखा

### परिचय

कुनै पनि साहित्यिक कृतिको विश्लेषण वा मूल्याङ्कन गर्ने एक आधार शैलीवैज्ञानिक पद्धति मानिन्छ । यस्तो विश्लेषण वैज्ञानिक, वस्तुपरक र वर्णनात्मक हुन्छ । यस सैद्धान्तिक/धारणात्मक रूपरेखामा शैलीको परिचय शैलीविज्ञानको परिचय, सैद्धान्तिक स्वरूप, शैलीविज्ञानको विश्लेषण प्रक्रिया आदिको अध्ययन गरिएको छ ।

## शैलीको परिचय

नेपाली भाषामा प्रचलित 'शैली' संस्कृत भाषाको शील् धातुमा लक् प्रत्यय लागि व्युत्पन्न भएको तत्सम् शब्द हो । समालोचनाका क्षेत्रमा वर्तमानमा निकै प्रचलनमा आएको यो शब्द ल्याटिन भाषाको स्टिलबाट अङ्ग्रेजीमा आएको स्टायल शब्दको नेपाली रूपान्तरण हो । ल्याटिन भाषामा स्टिल शब्दले धातुको लेख्ने साधन भन्ने जनाउँछ । पछिल्ला समयमा अर्थ परिवर्तन भएर स्टाइल शब्द परिपाटी, ढाँचा, तरिका, शैली आदि अर्थमा रूढ हुन पुगेको

छ । अङ्ग्रेजीमा विभिन्न अर्थका लागि शैली शब्दको प्रयोग भएतापनि साहित्यका सन्दर्भमा अङ्ग्रेजीको स्टायल शब्दले भावाभिव्यक्ति प्रकट गर्ने तरिका अर्थात् वक्ताको वक्तृत्व शक्ति, लेखकको अभिव्यञ्जना पद्धति, व्यक्तिको वैयक्तिक विशिष्टता, विषय विवेचनाको प्रविधि, आचार, विचार एव. व्यवहारको ढङ्ग बोलाइको तौरतरिकालाई सङ्केत गरेको देखिन्छ ।

प्राचीन संस्कृत साहित्यमा शैलीको पर्यायका रूपमा विभिन्न साहित्याचार्यहरूले एकाधिक शब्दको प्रयोग गरेका छन् । तीमध्ये रीति शब्द सर्वाधिक प्रचलित र प्रसद्धि छ । साहित्यको 'शैली' का निम्ति रीति शब्दको प्रयोग गर्नुपूर्व यसको स्थानमा वृत्ति, प्रवृत्ति, मार्ग आदि एकाधिक संज्ञा प्रचलित थिए ।

उपर्युक्त पृष्ठभूमितर्फ नियाल्दा अङ्ग्रेजी शब्द स्टाइलको संस्कृत पर्यायका रूपमा रीति शब्द नै प्रचलित देखिन्छ (नेपाल, सन् १९९२, पृ. ३३) । भारतीय आर्य भाषाका साहित्यमा शैली शब्दले अङ्ग्रेजी स्टाइल र संस्कृत रीतिको सर्वमान्य पर्यायका रूपमा प्रचलन र स्थिरता पाइसकेको देखिन्छ । शैलीलाई अर्थ्याउने क्रममा बृहत् नेपाली शब्दकोशले निम्न अर्थ दिएको छ :

क) विशेष किसिमले कुनै काम गर्ने प्रणाली वा पद्धति, काम गराइको ढाँचा, परिपाटी, छाँट, छन्द,

ख) असल शील स्वभाव भएका व्यक्तिबाट हुने कुरो,

ग) कुनै सिद्धान्त जस्तै भएर आएको रीति वा चलन,

घ) साहित्य रचनामा लेखकका व्यक्तित्व विशेषताको छाप दिने वा विषवस्तुका अनुकूल भाव, अभिव्यक्त हुने खास ढाँचा (सरल शैली, तार्किक शैली, आलङ्कारिक शैली) आदि ।

शैली के हो भन्ने सन्दर्भमा विभिन्न विद्वान्हरूले आ-आफ्ना दृष्टिकोण प्रस्तुत गरेका छन् । ती अवधारणाहरू कुनै पाठकपरक, कुनै लेखककेन्द्री र कुनै श्रोताकेन्द्री छन् । यहाँ शैली सम्बन्धी केही धारणाहरू प्रस्तुत गरिएका छन् :

शैली चयन हो । चयन भनेको छनोट हो । स्रष्टाले आफ्नो अभिव्यक्तिका क्रममा उपलब्ध विकल्पमध्ये कुनै एउटा भाषिक एकाइको सुविचारित छनोट गर्दछ । जस्तै : आमा

र माता दुवैको अर्थ एउटै हो । स्रष्टाले यी दुबै शब्दमध्ये कुनै एकको छनोट गर्दछ । स्रष्टाले उपलब्ध विकल्पहरूमध्ये ज्यादै सुहाउँदो चाँहि छानेर लिनु नै चयन हो । आमा र माता को अर्थ एउटा भए पनि शब्दस्रोतका दृष्टिले आमा तद्भव शब्द हो भने माता तत्सम शब्द हो । स्रष्टाले आफ्नो अभिव्यक्तिका क्रममा जुनलाई उपयुक्त ठान्छ त्यसैलाई छनोट गरेर लिनु नै चयन हो । चयन अभिव्यक्तिको तहमा पनि हुन्छ तर यसको खास प्रयोजन चाहिँ भाषिक तहमा देखापर्दछ (शर्मा, २०५५:५४१) ।

पूर्वीय आचार्य वामनका अनुसार विशिष्ट पदसंघटना रीति हो भन्ने र पाश्चात्य विद्वान् स्विस्टको काव्य उत्तम क्रममा उत्तम शब्द योजना हो भन्ने भनाइले शैली भाषिक विकल्पहरूबाट गरिएको चयन हो भन्ने निष्कर्ष निकाल्न सकिन्छ (शर्मा, २०५५:२३) । स्रष्टाले विभिन्न उपलब्ध विकल्पहरूमध्ये उपयुक्त विकल्प छनोट गर्ने क्रममा कथ्य र अभिव्यक्ति दुबै स्तरमा सामग्री छान्ने र त्यसको कुशल संयोजन गर्ने कार्य गर्दछ। संयोजनमा वैयक्तिक भिन्नता भए पनि यसलाई सारपूर्ण तवरले कलात्मक पद्धति अवलम्बन गरिएको हुन्छ ।

व्याकरणका नियमले नियन्त्रण गरी रूढ र यान्त्रिक बनाएको भाषाबाट स्वतन्त्र रही कृतिमा भाषिक सौन्दर्यको पृथक् र अर्थपूर्ण गोलार्धको खोजी गर्नु नै विचलन हो (ढकाल, २०५०:९७) ।

विचलन भनेको व्याकरणगत नियमको अनभिज्ञतावश गरिने अव्याकरणिक प्रयोग होइन (नेपाल, सन् १९९२:४४) । शैलीगत विचलन त्यस्ता विचलित प्रयोग हुन् जसका कारणहरू विश्लेष्य, सार्थक र सम्भवतः सचेत पनि हुन्छन् । व्याकरणसम्मत भाषिक परिधिभित्रै प्रयोक्तालाई उपलब्ध विभिन्न विचलनबाट गरिने चयनात्मक प्रयोगलाई कसैले विचलन मानेका छन् (श्रीवास्तव, सन् १९८०:५९) ।

शैली कथ्य र रूप दुवै हो । शैलीमा कथ्य र रूप दुबैको अन्विति पाइन्छ । चार्ल्स बाली र उनका अनुयायीहरूले शैलीलाई कथ्य वा विचारको आवरणका रूपमा परिभाषित गरेका छन् (नेपाल, सन् १९९२:४०) । यसमा कृतिभित्रको कथ्य र कृति रचनाको कारण स्रष्टाको दृष्टिकोण एवम् लेखनपद्धतिको प्रभाव कलात्मक रूपमा भएको हुन्छ ।

शैली अर्थ हो । वास्तवमा शैली रूपको अभिव्यक्ति मात्र नभई सम्प्रेषणको आर्थी पद्धति पनि हो । भाषिक संरचनाद्वारा सम्प्रेषित कृतिभित्रको सूचनाको प्रतीयमान अर्थ वा लाक्षणिक अर्थ शैलीभित्र लुकेको हुन्छ ।

शैली भाषा हो । सामान्यतया मनको भाव वा विचार व्यक्त गर्ने माध्यम भाषा हो । लिखित भाषाको माध्यमबाट स्रष्टाले आफ्नो अभिव्यक्तिलाई कलात्मक रूपमा प्रस्तुत गर्दछ र यो भाषाविना सम्भव छैन । शैली भाषाको वैविध्य हो । सामान्य भाषा व्याकरणिक दृष्टिकोणले मिल्दोजुल्दो भएपनि स्रष्टाले व्याकरणका नियमहरूको अतिक्रमण गरेर आफ्ना रचनाहरूलाई बढी आकर्षक र प्रभावकारी तुल्याएको हुन्छ । सामान्य भाषा अभिधात्मक, एकार्थक, अनलङ्कृत, नियमित, लोकोपयोगी, सूचनात्मक र कोशीय हुन्छ भने साहित्यको भाषा लक्ष्यणात्मक, व्यङ्ग्यात्मक, अनेकार्थक, अलङकृत, विचलित, भावोपयोगी एवम् सिर्जनात्मक हुन्छ । यसरी हेर्दा स्रष्टाले आफ्ना अभिव्यक्तिलाई साहित्यिक भाषाको विशिष्ट एवम् कलात्मक रूपले प्रयोग गर्ने हुनाले शैलीलाई भाषाको रूपमा लिइएको हो ।

उपर्युक्त परिभाषालाई संयोजन गर्दा शैलीलाई भाषिक अभिव्यक्तिको विशिष्ट ढङ्गका रूपमा अर्थ्याउन सकिन्छ । हरेक व्यक्तिको व्यक्तित्व फरक हुन्छ । व्यक्तित्व अनुसार हरेक व्यक्तिको अनुभव पनि फरक-फरक हुन्छ । जे होस्, रचनामा स्रष्टाको व्यक्तित्व विशेषताको छाप दिने वा विषयवस्तु अनुकूल भाव अभिव्यक्त गर्ने ढाँचा वा पद्धति नै वास्तवमा शैली हो ।

## शैलीविज्ञानको परिचय

शैलीविज्ञान साहित्यिक समालोचनाको नवीनतम् विधा वा प्रकार हो । शैलीविज्ञानलाई भाषा विज्ञानको एउटा महत्त्वपूर्ण अङ्ग वा शाखा मानिन्छ । भाषा विज्ञानले सामान्य भाषाझैं काव्य भाषा वा साहित्यिक भाषालाई पनि भाषाको एउटा प्रकार मानेपछि सो काव्यभाषाको विश्लेषणका निम्ति शैलीविज्ञानको उदय भएको देखिन्छ । शैलीविज्ञान भाषाविज्ञानको त्यो अङ्ग हो जो साहित्यिक (काव्य) भाषाका विविध प्रयोगहरूको अध्ययन विश्लेषणमा केन्द्रित रहन्छ ।

शैलीविज्ञानको फाँटभित्र सामान्यको नभएर विशिष्ट (साहित्यिक) भाषाको प्रयोगको अध्ययन विश्लेषण गरिन्छ । शैलीविज्ञानले साहित्यिक कृति वा सङ्कलनको भाषिक

आधारमा विश्लेषण गरी शैलीका माध्यमबाट त्यसमा रहेको कलात्मक संवेगहरूको रेखाङ्कन गर्ने र कृतिमा अन्तर्निहित सौन्दर्यको उद्घाटन गर्ने लक्ष्य लिएको छ। त्यसैले शैलीविज्ञानलाई भाषाविज्ञान र साहित्यशास्त्र (काव्यशास्त्र) को मिलनविन्दु मानिन्छ। आधुनिक युगमा भाषाविज्ञानले साहित्यिक भाषा वा काव्यभाषाको समेत अध्ययन गर्न थालेदेखि शैलीविज्ञानको प्रारम्भ भएको मानिन्छ। शैलीका सम्बन्धमा भरत, भामह, दण्डी, आनन्दबर्धन, क्षेमेन्द्र, कुन्तक, आदिबाट साहित्यमा शास्त्रीय चिन्तन भएको पाइन्छ भने पश्चिममा प्लेटो, अरस्तु, सिसिरो आदिले शैलीका सम्बन्धमा चर्चा गरेको पाइन्छ।

शैली भनेको ढङ्ग हो। हिँडाइको, बसाइको, जस्तै बोलाइको पनि आ-आफ्नै ढङ्ग हुन्छ। शैलीलाई रीति वा तरिका पनि भनिन्छ। यसरी शैली कुनै विषयलाई प्रस्तुत गर्ने तौरतरिका हो। विषय, व्यक्ति, प्रयोजन, परिवेश आदिले गर्दा शैलीमा विभिन्नता आउँछ। भाषाको अभिव्यक्ति वा सङ्कथनमा पाइने यस्तै शैलीगत विविधतासम्बन्धी भाषावैज्ञानिक अध्ययनलाई शैलीविज्ञान भनिन्छ। आधुनिक भाषाविज्ञानको विकाससँगै शैलीको अध्ययन गर्ने नयाँ दृष्टिकोणहरू देखा परे जसमा सामान्य शैलीविज्ञान र साहित्यिक शैलीविज्ञानको चर्चा गरेको पाइन्छ।

**क) सामान्य शैलीविज्ञान**

साहित्येत्तर अभिव्यक्ति सम्बन्धी भाषावैज्ञानिक अध्ययनलाई सामान्य शैलीविज्ञानअन्तर्गत राखिन्छ। यसमा सामान्य भेद र स्तरीय भेद, औपचारिक र अनौपचारिक भेद, मौखिक र लिखित भेद, स्थानीय भाषिका र सामाजिक भाषिकागत भेदमा अभिव्यक्ति सङ्गठनहरूको भाषिक अध्ययन विश्लेषण गरिन्छ। यसैमा एकअर्काबीच घनिष्ट शैली, आकस्मिक शैली उच्चारण सम्बन्धी विभिन्न भेद जस्तैः (सम्वाद, विवाद, छलफल आदि) को अध्ययन गरिन्छ। त्यसैगरी प्रयोजनपरक भेद (विज्ञान, कानुन, धार्मिक, अर्थशास्त्र, राजनीति आदि) लाई सामान्य शैलीविज्ञानमा नै समेटिन्छ। चिठी पत्र, निवेदन, विज्ञापन आदि पनि यसैअन्तर्गत पर्दछन्। यिनको अध्ययन भाषाका वर्ण, रूप शब्दभण्डार पदावली उपवाक्य र वाक्यका विभिन्न तह र तिनको छनोट र संरचनाका साथै सङ्कथन ढङ्ग, ढाँचा र शैलीगत समग्रतालाई लिइएको हुन्छ। (शर्मा, २०६२:१६१)

**ख) साहित्यिक शैलीविज्ञान**


भाषाका खास भेदको (साहित्य) अध्ययन गर्ने शैलीविज्ञान साहित्यिक शैलीविज्ञानका नामले चिनिएको पाइन्छ। साहित्यिक प्रसङ्गहरूको प्रकृति तथा साहित्यिक भाषाको उद्देश्यमूलक नियमको अनुशासनमा बाँधिएर अध्ययन गर्ने यसले भाषिक उपकरणका आधारमा व्यक्तिगत सौन्दर्यको उद्घाटन गर्न जोड दिएको हुन्छ। वाङ्मयको ललितकलाका स्वरूपहरू यसको अध्ययन क्षेत्रमा पर्दछन्, जस्तै : कथा उपन्यास, कविता, नाटक आदि। भाषिक माध्यमबाट व्यक्त हुने प्रत्येक रूपलाई साहित्यका रूपमा मात्र लिन नसकिने भएकाले मनुष्यको भाव संसारसित सम्बन्धित भाषिक कलालाई मात्र साहित्यिक शैलीविज्ञानअन्तर्गत राखेर अध्ययन गरी साहित्यिक सौन्दर्य र उत्कृष्टताको खोजी गरिन्छ। साहित्यिक शैलीविज्ञानमा भाषिक एकाइको पनि शैलीवैज्ञानिक अध्ययन गरिन्छ। एकाइको सर्वप्रथम पृथकीय अध्ययन गरेपछि एकीकृत अध्ययन गर्नु यसको ध्येय रहेको हुन्छ। भाषिक आधारमा साहित्यिक भाषा वा काव्यभाषाको अध्ययन हुने भएकाले यसका साहित्यको वस्तुनिष्ठ अध्ययन हुन्छ। साथमा लेखकको लेखकीय शैलीको विशिष्टताको भाषातात्विक विश्लेषण पनि हुन्छ (भण्डारी र नेपाल : २०६७:२४)।

## शैलीविज्ञानको सैद्धान्तिक स्वरूप

शैलीविज्ञानले साहित्यलाई भाषिक कला मान्दछ। भाषिक कला अन्तर्गत यसले हरेक कृतिलाई एउटा भाषिक प्रतीक ठान्दछ। प्रतीकझैँ मानिएको प्रत्येक साहित्यिक कृतिका दुई पक्ष (रूप) सँग सम्बन्धित हुन्छ भने कथ्य आन्तरिक पक्ष (अर्थ, सन्दर्भ) सँग सम्बन्धित हुन्छ। प्रत्येक रचना यी दुवैको समन्वयात्मक रूप हुने भएको हुँदा शैलीविज्ञानले अभिव्यक्ति वा रूपात्मक अवयवबाट कथ्य वा प्रसङ्गात्मक अवयवमा प्रवेश गर्दछ र कृतिको संरचनाको विश्लेषण गरी त्यसमा अन्तर्निहित सौन्दर्यको उद्घाटन एवम् मर्मबोध गराउँछ।

प्रत्येक साहित्यिक कृतिको एउटा मूर्त रूप हुन्छ, जसलाई रचनाको बाह्यतल भनिन्छ। यस्तै रचनाको अमूर्त रूप पनि हुन्छ जसलाई कृतिको गहनतल भनिन्छ। शैलीविज्ञानले कृतिको बाह्यतलबाट गहनतलमा ओर्लने प्रक्रिया अँगाल्दछ अर्थात् शैलीविज्ञानले कृतिको अमूर्त रूपलाई मूर्त आकारका माध्यमबाट बुझ्ने सामर्थ्य प्रदान गर्दछ। शब्दान्तरमा कृतिको मूर्त आकारबाट अमूर्त आकार कसरी प्राप्त गर्ने र प्राप्त अमूर्त

आकारको तालमेल मूर्त आकारमा कसरी सम्बन्ध स्थापना गर्ने भन्ने कुरा शैलीविज्ञानले बताउँछ (शर्मा, २०६२:५) । यसलाई निम्न तालिकाबाट स्पष्ट पार्न सकिन्छ :




उपर्युक्त तालिकाले शैलीविज्ञान साहित्यलाई हेर्ने नवीन दृष्टिकोण हो भन्ने कुरा देखाएको छ। यसले भाषाविज्ञानमा उपलब्ध उपकरणका मद्दतले कृतिको शैलीवैज्ञानिक अध्ययन गर्छ र विश्लेषण चाहिँ भाषा सिद्धान्तका कुनै पनि पद्धति (वर्णनात्मक, संरचनात्मक, प्रजनक रूपान्तरणात्मक) बाट गर्दछ (ढकाल २०६०:१२३) ।

## शैलीवैज्ञानिक समालोचनाको तह

शैलीविज्ञानले खास तहमा आधारित भएर साहित्यिक कृतिको व्याख्या विश्लेषण गर्दछ। यसले प्रत्येक सिङ्गो पाठलाई कलाप्रतीकका रूपमा हेर्दछ। यसरी साहित्यिक पाठलाई कलाप्रतीकका रूपमा राखेर विश्लेषण गर्नका निम्ति त्यसभन्दा पहिले शैलीविज्ञान अध्ययन विश्लेषणका अरू केही स्तरहरू हुँदै अघि बढेको हुन्छ। अतः साहित्यिक कृतिको शैलीवैज्ञानिक अध्ययन एकाधिक तहमा हुन्छ र ती विभिन्न तहको क्रमिक प्रस्तुतीकरण र समायोजनमा नै शैलीवैज्ञानिक अध्ययनको पूर्णता निहित छ (भण्डारी, २०७१:२८)। त्यसलाई पूर्णता दिने निम्न तीन तहहरू छन् ।

### क) आधार सामग्रीको तह

साहित्यिक कृतिमा प्रयोग गरिएको भाषा यस तहअन्तर्गत पर्दछ। यस तहको अध्ययन विश्लेषणमा नै कृतिमा प्रयुक्त ध्वनि, रूप, शब्द, पदावली, उपवाक्य र वाक्य आउँछन् । वाक्य चाहिँ रचनाको विश्लेषण गर्ने उत्तम एकाइ मानिन्छ। यो तह

शैलीविज्ञानको प्रारम्भिक तह भएकाले यसमा उक्त भाषिक एकाइहरूको संरचनात्मक तथा व्याकरणिक स्थिति बारे विश्लेषण गरिन्छ र यसले अन्य तहको लागि आधार प्रदान गर्दछ ।

**ख) कला माध्यमको तह**

यसअन्तर्गत वाक्यभन्दा माथिल्ला भाषिक एकाइको अध्ययन विश्लेषण गरिन्छ। यसभित्र छन्द, अलङ्कार, अर्थ, लय, बिम्ब, प्रतीक, कथानक, चरित्र आदिलाई पनि विश्लेषण गरिन्छ। कलानुभूतिका विविध सामग्रीका माध्यमबाट अध्ययन विश्लेषणद्वारा कृतिको साहित्यिकताको अध्ययन गरिन्छ।। यो साहित्यिक छविका रूपमा रहेको हुन्छ। यसमा वाक्य वा सोभन्दा माथिका भाषिक एकाइहरू समेटिन्छन्। यसलाई साहित्यिक शैलीविज्ञानका रूपमा पनि चिनिन्छ ।

**ग) भाषिक प्रतीकको तह**

विश्लेषण गर्ने सिङ्गो संरचना नै भाषिक प्रतीक भएकाले यस तहमा कृतिको संरचनागत बनोट, बुनोट आदिको अध्ययन विश्लेषण गरिन्छ। साहित्यिक कृतिको संरचनाको अध्ययन गरिने भएकाले यस संरचनाभन्दा माथिल्लो एकाइ हुँदैन। त्यसैले कृतिको संरचना नै स्वायत्त एकाइको रूपमा रहन्छ। संरचना अन्तर्गत कृतिको विविध घटकहरू समावेश भएको हुन्छन र संरचक घटकहरूको कुल योगभन्दा जे जति बढी हुन्छ, त्यसको अध्ययन पनि यसैमा गरिन्छ। निष्कर्षमा भन्दा शैलीविज्ञानको यस तहले कृतिमा रहेको सौन्दर्य उद्घाटन गर्दछ। यसलाई संरचनात्मक शैलीविज्ञान पनि भनिन्छ। यसरी हेर्दा कृतिको साङ्गोपाङ्ग अध्ययन विश्लेषण गर्दा उपर्युक्त तीनओटै तह उपयोगी मानिन्छ ।


## कृति विश्लेषणको शैलीवैज्ञानिक आधार

शैलीका माध्यमबाट कुनै पनि कृतिको विश्लेषण एवम् मूल्याङ्कन गर्नका लागि आवश्यक पर्ने शैलीविज्ञानको सैद्धान्तिक र प्रविधिगत उपकरणहरू नै कृति विश्लेषणका शैलीवैज्ञानिक आधारहरू हुन्। यसका आधारमा कुनै पनि कृतिको व्यवस्थित क्रमबद्ध एवम् वस्तुपरक ढङ्गमा विश्लेषण गर्न सकिन्छ। कृति विश्लेषणको शैलीवैज्ञानिक आधारलाई राम्रोसँग नबुझिकन शैलीवैज्ञानिक तवरले कुनै पनि कृतिको अध्ययन गर्नुपूर्व निम्नलिखित कुरामा ध्यान दिनुपर्दछ (शर्मा, २०५५:५४८)।

(क) विश्लेष्य कृतिको प्रकृति कस्तो छ ?
(ख) विश्लेषकको आफ्नो ज्ञान के कति छ ?

(ग) उसको आफ्नो क्षमता कस्तो छ ?
(घ) उसको शक्ति र सीमा के हो ?

शैलीविश्लेषण प्रक्रियामा विशेषतः साहित्यिक संरचना र भाषिक संरचनाका कुराहरू पर्दछन् । भाषिक संरचना अन्तर्गत वर्णदेखि वाक्यसम्मका कोटिहरू पर्दछन् । कुनै पनि भाषामा सीमित स्वर र सीमित वर्णहरू रहेका हुन्छन् । तिनै भाषिक उपकरण (वर्ण, रूप, पदावली, उपवाक्य, वाक्य) बाट नै साहित्यको सिर्जना हुन्छ । कुनै पनि साहित्यिक कृतिको शैलीवैज्ञानिक अध्ययन विश्लेषण गर्दा निम्नलिखित प्रक्रियाबाट गर्न सकिन्छ ।




(शर्मा, २०४८:८)

## साहित्यिक संरचना

प्रत्येक साहित्यिक कृतिको आ-आफ्नै संरचना हुन्छ । संरचना भनेको कुनै वस्तु अथवा प्रस्तुत प्रसङ्गमा कुनै कृतिमा पाइने साना-साना संरचक घटकहरूको कुल योगका साथै त्यसभन्दा बढी अरू पनि केही हो । जस्तैः मानिस आँखा, नाक, मुख, कान, हात, खुट्टा आदि जस्ता अवयव वा शरीरका लघु घटकहरूको कुल योग हो र सो कुल योगभन्दा बढी अरू पनि केही कुरा वा व्यक्तित्व हो (शर्मा, २०४८:१२५) । संरचनालाई बृहत् घटक पनि भनिन्छ र यो अमूर्त हुन्छ । साहित्यिक संरचनामा घटकहरू हुन्छन् भने ती घटकहरूको निम्नलिखित क्रम श्रेणी वा तह पाइन्छ ।

**क) बनोट**

बनोट वा संरचना कृतिमा पाइने साना घटकहरूको कुल योग हो । जस्तैः अङ्क, दृश्य, संवाद आदि लघु घटकहरूको कुल योग नाटक हो भने भाग, परिच्छेद, प्रसङ्ग, घटना आदि लघु घटकहरूको कुल योग उपन्यास हो । कृतिका सन्दर्भमा उपर्युक्त अङ्क, दृश्य, संवाद आदि अथवा भाग, परिच्छेद आदि क्रमशः साना घटक हुन् र शैलीविज्ञानले यिनै साना घटकहरूको वर्णन विश्लेषण गरेर कृतिको अमूर्त बनोटलाई मूर्त पार्ने काम गर्दछ । यसरी हेर्दा संरचित कृति साना वा तल्ला घटकमा विभाजित हुन्छन् तर ती आफ्ना घटकहरूमा क्रमबद्ध र शृङ्खलित भएर आएका हुन्छन् । त्यसैले संरचनालाई वस्तुको आन्तरिक र अन्तरसम्बन्धित नियम, विज्ञान र व्यवस्थाको समुच्चय पनि भनिन्छ (शर्मा, २०४८:२०) ।

**ख) बुनोट**

साहित्यिक कृतिको बनोट अमूर्त हुन्छ भने बुनोट चाहिँ मूर्त हुन्छ । बुनोट बनोटका पर्यायधारमा पाइने लघु घटकहरूको आफ्नो कार्य हो र एउटा घटकको अर्को घटकसँगको सम्बन्ध पनि हो । यस तहलाई लङ्घन, सीमित वा खण्डात्मक साहित्यिक प्रभावको तह मानिन्छ । कथानक, पात्र, छन्द, अलङ्कार, बिम्ब प्रतीक आदि यस अन्तर्गत पर्दछन् । यी घटकहरू देखिने वा पाठकका मनमा प्रतिबिम्बित हुने भएकाले बुनोट कृतिको रूपगत पक्षअन्तर्गत पर्दछ । यस उपकरणद्वारा शैलीविज्ञानले कृतिको रूपगत पक्ष अर्थात् छन्द, अलङ्कार, अर्थ, बिम्ब, प्रतीक, कथानक, चरित्र आदि कृतिगत वैयक्तिक वैशिष्ट्यलाई केलाउँछ (शर्मा, २०४८:२१) ।

## भाषिक संरचना

भाषा साहित्यिक कृतिको माध्यम वा आधार सामग्री हो । यो बिना साहित्यिक कृतिको निर्माण सम्भव छैन । प्रत्येक भाषाको आफ्नै संरचना र व्यवस्था हुन्छ । भाषाका क्रमशः तल्ला संरचक घटकहरूको क्रमश्रेणी वा सोपानक्रम यस प्रकार रहेका छन् ।

**क) व्याकरण व्यवस्था**

व्याकरण व्यवस्थाअन्तर्गत कृतिमा विद्यमान सम्पूर्ण व्याकरणिक प्रयोगका अवस्थालाई नियाल्ने काम गरिन्छ । यो रूपप्रक्रिया र वाक्यविज्ञानसँग सम्बन्धित छ । व्याकरणिक विवरण दिन सकिने सबैभन्दा ठुलो भाषिक एकाइ वाक्य हो । व्याकरणको

सिद्धान्तगत चर्चाभित्र वाक्यातीत घटकहरूलाई पूर्ण रूपले स्वीकार र वर्णन गर्ने अझसम्म अप्राप्य नै रहेका छन् (नेपाल, सन् १९९२:१३४) । व्याकरणिक धारा (लिङ्ग, वचन, पुरूष, काल, वाच्य आदि) तथा व्याकरणिक एकाइहरू (वाक्य, उपवाक्य, पदसमूह, शब्द, रूपिम आदि) को व्यवस्थित अनुक्रम नै व्याकरणव्यवस्था अन्तर्गत पर्दछन् । भाषिक संरचनाभित्र कृतिमा व्याकरणिक पक्ष कस्तो छ भनी विश्लेषण गर्ने कार्य व्याकरणव्यवस्था अन्तर्गत पर्दछ ।

**ख) शब्दव्यवस्था**

विभिन्न रूपहरूको समुच्चयबाट शब्दको निर्माण हुन्छ । रूपहरू मुक्त र बद्ध गरी दुई प्रकारका हुन्छन् । रूपबाट निर्मित शब्द र त्यसको अर्थसँग शब्दव्यवस्थाको सम्बन्ध हुन्छ । यसैले यसलाई रूपप्रक्रिया र अर्थव्यवस्थासँग सम्बद्ध भाषिक संरचनाका रूपमा हेरिन्छ । साहित्य शब्दगत व्यापार हो । भाषामा सहचार क्रमिक ढाँचामा रहेका शब्दको चयन र विन्यासक्रमिक ढाँचामा तिनको संयोजन नै भाषिक प्रयोगको मूल ढाँचा हो । शब्दको अध्ययनका पनि दुई आधार छन् : स्रोतका दृष्टिले र प्रायोगिक स्वरूपका दृष्टिले । तत्सम, तद्भव र आगन्तुक गरी शब्दस्रोतका दृष्टिले तीन र प्रयोगगत स्वरूपका दृष्टिले विकारी र अविकारी शब्दलाई दुई भागमा विभाजन गर्न सकिन्छ । जे होस्, कृतिको शैलीवैज्ञानिक अध्ययन गर्दा प्रयोक्ताले कुन किसिमको शब्दको कुन रूपमा प्रयोग गरेको छ र पाठमा कस्ता शब्दको प्रयोग गरिएको छ भनेर अध्ययन गरिने काम शब्दव्यवस्था अन्तर्गत गरिन्छ ।

**ग) ध्वनिव्यवस्था**

भाषामा ध्वनिव्यवस्था अन्तर्गत खण्डीय र खण्डेतर ध्वनिहरूको व्यवस्था पर्दछन् । खण्डीय ध्वनिलाई स्वर र व्यञ्जन गरी दुई किसिममा विभाजन गरिएको छ । ध्वनि उच्चारण गर्दा स्वास प्रवाहमा कुनै पनि किसिमको अवरोध नभई उच्चारित भाषिक ध्वनिहरू स्वर हुन् । यी आक्षरिक, बढी श्रवणीय, सुस्पष्ट र घोष हुन्छन् । खण्डेतर ध्वनि भनेको टुक्रा पार्न नसकिने वा टुक्राका रूपमा स्वतन्त्र उच्चारण गर्न नसकिने ध्वनि हुन् । सामान्यतया स्वर र व्यञ्जनको गुण भएर आउने र स्वतन्त्र रूपले उच्चारण हुन नसक्ने ध्वनि खण्डेतर ध्वनि हुन् । यी ध्वनिहरू छुट्टै अस्तित्व लिएर आउँदैनन् । खण्डीय ध्वनिसँग मिसिएर आउँदा यिनीहरूले पनि संयुक्त रूपमा आफ्नो स्पष्ट अस्तित्व राखेकै हुन्छन् । यसरी

खण्डीय ध्वनिमा भाषाका स्वर-व्यञ्जन वर्णहरू पर्दछन् भने खण्डेतर ध्वनिमा खण्डीय ध्वनिसँग साथ लागेर प्रयुक्त हुने अनुनासिकता, आघात, लय, मात्रा तान आदि पर्दछन् ।

## शैली

सामान्य अर्थमा कुनै पनि कुरालाई प्रस्तुत गर्ने तरिकालाई शैली भनिन्छ। 'शैली' शब्दलाई 'रीति' शब्दले पनि उद्भाषित गरेको पाइन्छ। शैली प्रत्येक व्यक्तिमा वैयक्तिक हुने गर्दछ अथवा व्यक्ति पिच्छे शैलीमा पनि फरकपन देखिन्छ। एउटा प्रकरणको तरिका नै शैली हो र यसको वैज्ञानिक ढङ्गले अध्ययन गर्ने विज्ञानलाई शैलीविज्ञान भनिन्छ (अधिकारी २०६२:१६१)। शैलीको पहिचान गर्ने सम्बन्धगत पक्षहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ।

### क) विकल्पन र चयन

भाषामा प्रशस्त विकल्पहरू हुन्छन्। तिनै विविध विकल्पहरूको छनोट गरेर स्रष्टाले साहित्यिक कृतिको निर्माण गर्दछ। नेपाली भाषामा स्वर, ध्वनि तथा शब्दस्रोतमा थुप्रै विकल्पहरू पाइन्छन्। यी मध्ये स्रष्टाले विभिन्न सन्दर्भहरूमा उपयुक्त विकल्पको छनोट गर्दछ। विकल्पको छनोटमा सन्दर्भले पनि प्रभाव पारेको हुन्छ अर्थात् जुन भाषामा जति धेरै पर्यायहरू छन्, तिनले अवश्य विविधता ल्याउँछन्। यसका साथै समावेशी तथा विपरीतार्थी शब्द पनि विकल्पहरू हुन्। यसदेखि बाहेक भाषामा विद्यमान विविध भाषिक भेदले पनि शैलीको विशिष्टता प्रदान गर्दछ। अर्थात् भाषाका विविध भेदहरू नै विकल्प हुन्। भाषामा जति बढी भेदहरू हुन्छन् त्यति नै बढी विकल्पहरू पाइन्छन्। यसरी हेर्दा भनाइलाई विविधीकरण गरी शैलीमा विविधता सिर्जना गर्न विकल्पनको महत्त्व ठूलो रहेको देखिन्छ।

## चयन

चयन भनेको छनोट हो। भाषिक आधारमा भन्दा कृतिकारसँग उपलब्ध विभिन्न विकल्पहरू मध्येबाट गरिने कुनै एक विकल्पको छनोट नै चयन हो। पाश्चात्य साहित्यशास्त्रमा 'चयन' सम्बन्धी अवधारणा सर्वप्रथम कोरिनाद्वारा पिण्डारलाई दिइएको यस निर्देशनमा पाइन्छ। "बीउ बोराबाट हातले निकालेर छर्नु पर्दछ, बोरासहित होइन" अर्थात् रचनाको रचनाधर्मिता त्यसको छनोटमा हुन्छ, जसका लागि रचनाकार विशेष रूपमा सजग रहेको हुन्छ।

कृतिगत शैलीको पहिचान गर्न र सो आधारमा कृतिको मूल्याकङ्न गर्नका लागि चयनको भूमिका महत्त्वपूर्ण हुन्छ। लिचका अनुसार शब्द आदि भाषिक एकाइको सुविचारित छनोटपनलाई चयन भनिन्छ (बराल र अन्य, २०५५:८१५)। जस्तै 'पृथ्वी' लाई जनाउने शब्दहरू धरणी, धर्ती, भूमि, मृत्तिका आीद विकल्पहरूमध्ये कृतिकारले उपयुक्त विकल्पको छनोट गर्दछ। सर्जकले आफ्ना शब्दभण्डारबाट सन्दर्भ अनुसार उपयुक्त वर्ण, रूप, शब्द, वाक्यतत्व आदिको उपयुक्त र आवश्यक विकल्प छनोट गरेर साहित्यिक रचना गर्ने कार्य गर्दछ। चयन विकल्पभित्रैबाट गरिन्छ। जस्तै नेपाली शब्दतहमा आँखा शब्दका अक्षी, नेत्र, नयन, लोचन जस्ता थुप्रै पर्यायहरू छन्। यस्ता विकल्पमध्येबाट सर्जकले आफ्नो अभिव्यक्तिको कुनै एक सन्दर्भमा कुनै एक विकल्पको चयन गर्दछ भने त्यो अकारण हुँदैन। शैलीविज्ञानले यस्तै चयनको विशिष्टतालाई पहिल्याउने काम गर्दछ (शर्मा, २०४८:१०)। यसरी कृतिमा विद्यमान शैलीको पहिचान गरी सेवाका आधारमा रचनाको मूल्याङ्कन गर्न चयनको भूमिका महत्त्वपूर्ण रहेको देखिन्छ।

**क) अग्रभूमि निर्माण**

रचनाको कुनै अंशलाई विशिष्ट तुल्याउन त्यो भागमा विशेष बल दिनु नै अग्रभूमि निर्माण हो। यो एक किसिमको युक्ति हो जसले कुनै कुरालाई ध्यानाकर्षण गर्न शिर्षीकरण गराउँछ। यसको सामान्य प्रयोग स्वचालित हुने र यस्तो प्रयोगलाई विशिष्ट तुल्याउन अग्रभूमि आवश्यक हुन्छ। यसले शैली र अभिव्यक्तिमा नवीनता ल्याउँछ। परम्परागत वा ज्यादै प्रयोगमा आई रूढ हुन पुगेको भाषिक एकाइलाई नवीनता दिँदै अघि सार्नु भनेको अग्रभूमि निर्माण हो (अधिकारी, २०६२:१३)। प्रचलित प्रयोगभन्दा बढी स्मरणीय हुनु, प्रभावशाली हुनु, महत्त्वपूर्ण हुनु, अनौठोपना र वक्रताले गर्दा चर्चित वा व्याख्यीय बन्न सक्नु अग्रभूमिलाई पहिचान गर्ने आधार हुन् (अधिकारी, २०६२:१३)।

अग्रभूमि, मध्यभूमि, पश्चभूमि वा पृष्ठमूभि चित्रकलामा बढी प्रचलित शब्द हुन। प्रचलित परम्परामा पश्चभूमिमा रहेको सूचनालाई अग्रभागमा ल्याई नवीकृत वा आकर्षक बनाउने युक्तिलाई अग्रभूमि भनिएको हो। कुनै पनि भाषा प्रयोगका क्रममा एउटै कुरा धेरै पटक प्रयाग गरेको खण्डमा त्यो यान्त्रिक बन्दछ। त्यसबाट जोगाउन लेखकले त्यसको परम्परागत प्रयोग क्षेत्रमा परिवर्तन ल्याएर प्रयोगमा नयाँ सन्दर्भ दिनु अग्रभूमि निर्माण गर्नु

हो (अधिकारी, २०६२: २६२)। स्रष्टाले आफ्ना कृतिमा अग्रभूमिको निर्माण निम्न दुई तरिकाबाट गर्दछन् :

**अ) विचलन**

सामान्य भाषामा प्रयुक्त हुने सामान्य भाषिक नियमको अतिक्रमण, उल्लङ्घन वा व्यतिक्रमलाई विचलन भनिन्छ। प्रचलित पथ वा मानक प्रयोगलाई उल्लङ्घन गर्ने हुनाले यसलाई विपथन पनि भनिन्छ। यस्तो विचलन उद्देश्यपूर्ण र सार्थक हुन्छ अर्थात् खास साहित्यिक विशिष्टता सृजना गर्नु यसको प्रयोजन हो। हरेक भाषाका आ-आफ्नै नियम हुन्छन्। भाषाका ध्वनि, रूपरचना, शब्दप्रयोग, वाक्य प्रयोग, अर्थाभिव्यक्ति आदिमा आ-आफ्नै व्यवस्था हुन्छन्। भाषामा सामान्य अनुभव र अभिव्यक्तिको सामर्थ्य हुन्छ भने साहित्यिक भाषाले विशिष्ट खालको अनुभव प्रदान गर्दछ। विचलनमा सामान्य भाषाको नियम, बन्धन वा पथ छोडेर साहित्यिक भाषाको विशिष्ट रूप प्रस्तुत भएको हुन्छ। अर्थात् मानकको अतिक्रमण वा उल्लङ्घनलाई नै विचलन भनिन्छ (तिवारी, १९९५:४०)। सामान्य भाषाको तुलनामा साहित्यिक भाषामा विचलनको तीव्रता अधिक हुन्छ। प्रचलित पथ वा मानक प्रयोगलाई उल्लङ्घन गर्ने हुनाले यसलाई विपथन पनि भनिन्छ (अधिकारी, २०६२:१३)।

विचलन अग्रभूमि निर्माणको एउटा विशिष्ट प्रक्रिया हो। विचलनले शैलीगत चमत्कार र भाषिक सौन्दर्यमा नवीनता देखाउँछ। शब्दान्तरमा यसले भाषिक सौन्दर्यको पृथक् र अर्थपूर्ण गोलार्धको खोजी गर्ने काम गर्दछ। जे होस्, विचलन उद्देश्यमूलक र सार्थक हुनुपर्छ। यो निरूद्देश्य र निरर्थक भयो भने न त शैल्पिक सौन्दर्य प्रकट हुन्छ, न त भाव गाम्भीर्यको सृजना नै (गौतम, २०५३:१४९)। साहित्यिक कृतिमा भाषिक विचलनका विभिन्न सात प्रकार छन्, जसलाई निम्नानुसार उल्लेख गरिएको छ :

**क) कोशीय विचलन**

कोशीय विचलन भनेको कोशमा नभएका र सामान्य भाषिक प्रयोगमा नआएका शब्दहरूको प्रयोग हो। यसबाट नवीन शब्दहरूको निर्माण गरिन्छ र यो शब्दनिर्माण प्रक्रियाको अराजक र असामान्य रूप हो। नवीन शब्दको निर्माण र प्रचलित शब्दको संरचनामाथि आक्रमण जस्ता दुबै कुराहरू यस अन्तर्गत पर्दछन्। गाबरी, फुलारू, चक्रेटो जस्ता शब्दहरू यस अन्तर्गत पर्दछन्, जुन शब्दकोशमा प्राप्य छैनन् (अधिकारी, २०६२:१३)।

**ख) व्याकरणात्मक विचलन**

प्रत्येक भापााको आ-आफ्नै किसिमको निश्चित व्याकरणिक व्यवस्था हुन्छ। साहित्यकारले आफ्नो विशिष्ट भाषिक अभिव्यक्तिका क्रममा लिङ्ग, वचन, पुरुष, काल, पक्ष भाव, वाच्य जस्ता व्याकरणिक एकाइका नियमहरूको अतिक्रमण गर्न सक्छ। यस्तो अतिक्रमण नै 'ब्याकरणिक' विचलन हो । जस्तै : मेरा प्रत्येक सपनाहरू मसँग आएर कुस्ती खेल्छ ।' उक्त क्रममा व्याकरणिक धारा (वचन, लिङ्ग, पुरूष, काल आदि) र व्याकरणिक एकाइहरू (रूपिम, शब्द, पदसमूह, उपवाक्य, वाक्य आदि) को व्यवस्थित अनुक्रममा हुने अतिक्रमण नै व्याकरणिक विचलन हो (ढकाल, २०६०:१०२) ।

**ग) ध्वनि प्रक्रियात्मक विचलन**

भाषाका सबैभन्दा प्राथमिक संरचक तत्त्व भनेको ध्वनि तथा वर्णहरू नै हुन् । यसर्थ प्रत्येक भाषाका आ-आफ्नै ध्वन्यात्मक व्यवस्था हुन्छन् र यी निश्चित नियमद्वारा सुव्यवस्थित हुन्छन् । कतिपय स्रष्टाले आफ्ना रचनामा विशिष्ट प्रयोजनका लागि अज्ञानतावश कतिपय ध्वनिव्यवस्थाका मानक सीमाहरूको उल्लङ्घन तथा अतिक्रमण गरेका हुन्छन् । यो नै ध्वनि प्रक्रियात्मक विचलन हो । जस्तैः पहाड/पाहाड, यसले/यल्ले, पुर्खा/पुरूखा, बहिनी/बुइनी, कसरी/कोसरी जस्ता शब्दहरू प्रयोग गर्दा ध्वनिप्रक्रियात्मक विचलन देखिन्छ (अधिकारी, २०६२:१३) ।

**घ) लेखन प्रक्रियात्मक विचलन**

स्रष्टाले आफ्ना अभिव्यक्तिलाई विशिष्ट ढङ्गबाट प्रस्तुत गर्न शब्दबाट मात्र सम्भव नदेखी विशेष प्रकारका चिह्नहरूको प्रयोग गरेको स्थितिलाई लेखनप्रक्रियात्मक विचलन भनिन्छ (गौतम, २०५३:१६१) । नेपाली भाषाको लेखन प्रक्रियामा देवनागरी लिपिका माध्यमबाट शब्द र वाक्यको सुनिश्चित आलेख गरिन्छ तर यस नियमको अतिक्रमण गरी शब्द र वाक्यलाई अनियमित विन्यासद्वारा तोडमोड गरेर अनौठो रूप प्रस्तुत गरिन्छ। यो नै वास्तवमा लेखनप्रक्रियात्मक विचलन हो। यस्तो विचलनमा लेखाइलाई तलमाथि पारेर लेख्ने गरिन्छ। जस्तै : 'राम अमेरिका जाँदैछ' भन्ने वाक्यलाई रा म अ मे रि का जाँदैछ भनेर लेखिन्छ ।

**ङ) अर्थतात्त्विक विचलन**

साहित्यमा आलङ्कारिक वा ध्वन्यात्मक अर्थ प्रतिपादनका लागि कोशीय अथवा मानक अर्थको अतिक्रमण नै अर्थतात्त्विक विचलन हो (अधिकारी, २०६२:१३)। यस प्रकारको विचलन अभिव्यक्तिका क्रममा वैयक्तिक, युगविशेष तथा धाराविशेष गरी विभिन्न प्रकारका देखिन्छन्। यो विम्ब निर्माणको एक विशिष्ट प्रक्रिया हो। स्रष्टाले अभिव्यक्तिका कतिपय सन्दर्भमा प्रस्तुत शब्दहरूले लक्षणात्मक, व्यञ्जनात्मक, बिम्बात्मक, प्रतीकात्मक आदि अन्य अर्थ प्रतिपादन गरेका हुन्छन्। यसले कृतिलाई सुन्दर र जीवन्त राख्न ठुलो सहयोग पुऱ्याएको हुन्छ। जे होस्, विचलनको सबैभन्दा सार्थक, उर्वरशील र सुन्दर रूप भनेको अर्थतात्त्विक विचलन हो र यो सार्थक एवम् उद्देश्यपूर्ण हुनुपर्दछ।

**च) प्रयुक्ति विचलन**

एउटा परिस्थिति वा प्रसङ्ग अनुरूपको भाषालाई अर्को परिस्थिति वा प्रसङ्गमा प्रयोग गर्नु नै प्रयुक्ति विचलन हो, जस्तै : प्रत्येक रात मलाई लामखुट्टेले कानमा आएर सशस्त्र युद्धको घोषणा सुनाउँछन् (अधिकारी, २०६२:१३)।

हरेक विषय क्षेत्रीय भाषाको आफ्नै प्रयोजनपरक निजत्व हुन्छ, जस्तैः विज्ञान र प्रविधिमा प्रयोग गरिएको भाषा वाणिज्यको भाषाभन्दा अलग हुन्छ। यी विभिन्न विषय क्षेत्रका आधारमा हुने भाषाको यही भेद नै प्रयोजनपरक वा प्रकार्यपरक प्रयुक्ति हो।

साहित्यिक भाषामा प्रयुक्तिका सीमालाई अतिक्रमण गरी शैली निर्माणको विशिष्ट प्रणालीलाई आत्मसात गरिएको हुन्छ। यसरी हेर्दा कुनै निश्चित विषय क्षेत्रसँग सम्बद्ध भाषिक प्रयोगका प्राविधिक पक्षलाई अर्कै सत्तासँग गाँसी शैलीको सार्थकतालाई प्रतिष्ठित गराउने (प्रतिष्ठापित गर्ने) प्रक्रिया नै प्रयुक्ति विचलन हो।

**छ) भाषिका विचलन**

साहित्यिक कृतिमा भाषाको मानक रूपको प्रयोग नगरेर भाषिका विशेषका शब्दलाई अग्रभूमिमा ल्याई नवीनता दिने प्रयास गरियो भने भाषिका विचलन हुन्छ। मानक भाषाका बिचबिचमा अन्य भाषिकागत विशेषताको प्रयोग गर्नु वास्तवमा भाषिकागत विचलन हो। सिर्जनात्मक लेखनका क्रममा कुनै खास प्रयोजनका लागि कुनै खास भाषिकाको उपयोग

गरिएको छ भने त्यसबाट भएको भाषाका मानक रूपको अतिक्रमण भाषिका विचलनअन्तर्गत पर्दछ । यो आञ्चलिक पर्यावरणमा लेखेका विभिन्न रचनाहरूमा भेटिन्छ ( शर्मा, २०४८:५६) ।

**आ) समानान्तरता**

समानान्तरता भाषा प्रयोगमा देखिने नियमित पुनरावृत्ति हो र कुनै एक किसिमको व्याकरणिक संरचना वा भाषिक एकाइ एउटै क्रममा एक वा अधिक चोटि दोहोरिएर प्रयोगमा आउँदा समानान्तरता चाहिँ अतिरिक्त नियमितता हो । समानान्तरतामा स्थापित ढाँचालाई भङ्ग नगरीकन ध्यानाकर्षण गर्ने काम गरिन्छ र यो सार्थक हुनुपर्दछ । यो व्याकरण, छन्द, अलङ्कार आदिको नियममुताबिक भाषाको अनुशासित प्रयोग तथा नियमित पुनरावृत्तिबाट निर्माण हुने शैलीय विशेषता हो (शर्मा, २०४८:५६) । समानन्तरतालाई बाह्य र आन्तरिक गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ ।

**क) बाह्य समानान्तरता**

साहित्यिक कृतिको आवरण पक्ष वर्ण, मात्रा, लय, छन्द आदिसँग सम्बद्ध आवृत्तिलाई बाह्य समानान्तरता भनिन्छ । बाह्य समानान्तरता स्थूल हुने र यो शब्द वैचित्य वा शब्दालङ्कारको रूपमा देखा पर्छ । यो वर्णगत, रूपगत, व्याक्यगत, अर्थगत आदि विभिन्न तहमा मूर्त रूपमा भेटिन्छ । यसरी हेर्दा भाषिक प्रयोगका सन्दर्भमा उपस्थित हुने विभिन्न भाषिक संरचनागत तहहरूको पुनरावृत्तिले बाह्य समानान्तरताको सङ्केत गर्दछ (शर्मा, २०४८:५६) ।

**ख) आन्तरिक समानान्तरता**

अर्थ वा भाव स्तरको पुनरावृत्तिलाई आन्तरिक समानान्तरता भनिन्छ । आन्तरिक समानान्तरता अर्थगत पुनरावृत्तिका रूपमा अभिव्यक्तिमा निहित हुन्छ । बाह्य समानान्तरता मूर्त खालको हुन्छ भने अलङ्कारिक समानान्तरता अमूर्त खालको हुन्छ । आन्तरिक समानान्तरता भावगत तहमा हुने भएकाले यो अलङ्कार, बिम्ब, प्रतीक, रस आदिका माध्यमबाट प्रकट हुन्छ । यो आर्थी तहसँग सम्बन्धित हुन्छ र यसले रचनामा निहित आन्तरिक पक्षलाई उजागर गरेको हुन्छ ।

**शैली चिह्न**

विषय र प्रयोगकर्ताका अनुसार एउटै भाषाका पनि विभिन्न भेदहरू देखा पर्दछन् र यिनै भेदहरूलाई विविधता भनिन्छ। साहित्यिक कृतिहरूमा यस्ता अनेक प्रकारका विविधताहरू देख्न पाइन्छ। शैलीविज्ञानले प्रयुक्तिका आधारमा कृतिमा प्रयुक्त विविधताको विश्लेषण गरिएको छ।

उपर्युक्त प्रक्रियाबाट कृतिको विश्लेषण गरेर शैलीविज्ञानले कृतिको बाह्यतलबाट गहनतलमा प्रवेश गर्छ र साथै वस्तुवादी र भाषावादी दृष्टिबाट कृतिको सौन्दर्यको उद्घाटन गर्दै त्यसको मूल्याङ्कन समेत गर्दछ। कृति विश्लेषणका शैलीवैज्ञानिक आधारहरू विज्ञानमा आधारित छन्। त्यसैले समालोचनाका क्षेत्रमा यो प्रक्रिया वस्तुतथ्यमा आधारित र वैज्ञानिक छ (शर्मा, २०४८:६३)।

यसरी माथि चर्चा गरिएअनुसार निष्कर्षमा रहेर हेर्दा 'शैली' शब्द संस्कृतको 'शील' धातुबाट निर्माण भएको हो। शैलीलाई ढङ्ग, ढाँचा, शिल्प, समय र परिवेश सापेक्ष रूपमा तयार गरिएको हुन्छ। समाजमा घटेका घटनाहरूलाई सर्जकले आफू अनुकुल सिर्जना गरेका हुन्छन्। साहित्यका विभिन्न विधाहरू रहेका हुन्छन्। जसमा उपन्यास एक उत्कृष्ट विधाका रूपमा रहेका पाइन्छ। विश्व साहित्यको रूपमा रहेर हेर्दा पनि र शैलीविज्ञानले भाषा साहित्यको परम्परागत रूपमा अध्ययन र विश्लेषण गरेको पाइन्छ। पूर्वमा भरतदेखि लिएर पश्चिममा प्लेटोसम्म नै नयाँ दृष्टि तथा विकसित रूप चाहिँ आधुनिक कालमा मात्र भएको पाइन्छ। यसरी हेर्दा के भन्न सकिन्छ भने शैलीविज्ञानले कृतिको शैलीवैज्ञानिक अध्ययन र विश्लेषण गर्ने हुँदा यसको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ (शर्मा, २०४८:७२)।

**धर्मा** शोक महाकाव्यको शैलीवैज्ञानिक अध्ययन गर्ने क्रममा विभिन्न शोधार्थीहरूको शोधबाट सैद्धान्तिक/धारणात्मक संरचना निर्माण गरिएको छ। मोहनराज शर्माको शैलीविज्ञानलाई मूल आधार बनाई निष्कर्ष निकालिने छ। यसका साथै प्रा.डा. रामचन्द्र लम्सालद्वारा लिखित भाषाविज्ञानका प्रमुख आयाम पुस्तकभित्रको शैलीविज्ञान एकाई तथा पाठलाई आधार बनाइने छ।

# अध्याय तीन : अध्ययनको प्रक्रिया/विधि

## अध्ययनको संरचना

शैलीविज्ञान सैद्धान्तिक आधारहरूमा गरिने एक वैज्ञानिक अध्ययन हो । त्यसैले यस **धर्मा** शोक महाकाव्यको गुणात्मक अध्ययन र विश्लेषण शैलीवैज्ञानिक आधारमा गरिएको छ । आवश्यक मात्रामा वर्णनात्मक एवम् विश्लेषणात्मक विधिको समेत प्रयोग गरिएको छ । मूलतः पुस्तकालयीय विधिको प्रयोग साहित्यकारका लेखरचना, काव्यकृति, पत्रपत्रिका एवम् सम्बन्धित शीर्षकसँग मिल्दाजुल्दा शोधपत्रहरूको अध्ययन विश्लेषण गरी निष्कर्ष निकालिने छ । कथाभित्रका कथावस्तुलाई फ्रेटागको पिरामिडको आधारमा पाँच चरणमा वर्गीकरण गरी देखाइने छ । पात्र चरित्रको विश्लेषण र चयन विचलन एवम् समानान्तरताका आधारमा उक्त कथामा केन्द्रित भई भाषिक विश्लेषण गरिएको छ ।

## जनसङ्ख्या नमुना छनोट

प्रस्तुत अध्ययन कार्य कोमलप्रसाद पोखरेलद्वारा लिखित बुद्ध अफसेट प्रेस बिर्तामोडद्वारा प्रकाशित **धर्मा**भित्रको कवितामा प्रस्तुत भएका पात्र चरित्रहरूलाई नै जनसङ्ख्याको रूपमा लिइएको छ ।

कथाको नमुना छनोटका सन्दर्भमा **धर्मा**भित्रको कविता नै सिङ्गो नमुनाका रूपमा लिइएको छ । उक्त महाकाव्य रहेका पात्रहरू नै मानव पात्रहरू नमुनाका रूपमा छनोट गरिएको छ ।

## तथ्याङ्क सङ्कलनका साधन

यस शोध कार्यमा तथ्याङ्क सङ्कलन गर्दा निम्न दुई स्रोतलाई आधार मानिएको छ :

### प्राथमिक स्रोत

यस अनुसन्धान कार्यमा प्राथमिक स्रोतका रूपमा **धर्मा** महाकाव्यभित्रको कविताहरूलाई लिइएको छ । त्यसैगरी आवश्यक मात्रामा सम्बन्धित कृतिका लेखकसमेतको सल्लाह सुझावलाई आत्मसात् गरिएको छ ।

**द्वितीयक स्रोत**

यस अनुसन्धानमा द्वितीयक स्रोतका रूपमा **धर्मा** शोक महाकाव्यको शैलीवैज्ञानिक विश्लेषणसँग सम्बन्धित विभिन्न साहित्यकार, लेख, रचना, ग्रन्थहरू, पत्रपत्रिकाहरू, शैली विश्लेषणसँग सम्बन्धित काव्यकृतिहरूलाई आधार मानिएको छ। पुस्तकालयीय विधि, वर्णनात्मक विधि, विश्लेषणात्मक विधि साथै आवश्यकता बमोजिम शोधनी र अन्तरवार्ता विधिको समेत प्रयोग गरिएको छ।

## तथ्याङ्क सङ्कलन प्रक्रिया

विभिन्न विधि एवम् प्रक्रियाबाट तथ्याङ्क अर्थात् सूचना सङ्कलन गरी सकेपछि प्राप्त तथ्याङ्कलाई निश्चित विधि एवम् प्रक्रिया मापदण्डमा भएर व्याख्या एवम् विश्लेषण गर्नुपर्दछ।

यस अध्ययनमा पुस्तकालयीय विधिलाई मुख्य आधार बनाइएको छ। त्यसैगरी शैलीवैज्ञानिक सिद्धान्तलाई समेत प्रमुख आधार बनाई त्यसको अध्ययन विश्लेषण गरी त्यसैका आधारमा **धर्मा** शोक महाकाव्यभित्रको कविताहरूको शैलीवैज्ञानिक अध्ययन गरिएको छ। कथानक पात्र चरित्रको विश्लेषण एवम् चयन, विचलन, समानान्तरतालाई आधार बनाएर संरचना शैली र व्याकरण पक्षलाई विश्लेषण गरिएको छ। आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञहरूसँगसमेत सल्लाह सुझाव लिएर शैलीविज्ञानको विश्लेषणात्मक पद्धतिलाई व्याख्या र विश्लेषण गरिएको छ साथै तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरिएको छ।

## तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया

**धर्मा** शोक महाकाव्यभित्रको कविताहरूलाई पुस्तकालीय विधि अध्ययन गरी विभिन्न शोधहरूको तथा सन्दर्भहरूको आधारमा अध्ययन गरी त्यसबाट प्राप्त तथ्याङ्कलाई निम्न अनुसार व्याख्या गरिएको छ।

# अध्याय चार : व्याख्या तथा विश्लेषण

प्रस्तुत धर्मा महाकाव्यमा काव्यकार कोमलप्रसाद पोखरेलको शोककाव्यको भाषिक विश्लेषण गर्ने क्रममा विचलन तथा समान्तरता चयन, विचयन आगन्तुक शब्द, तत्सम् शब्द, अनुकरणात्मक शब्द, तद्भव शब्द जस्ता शब्दहरूको चयनका साथै द्रुत शब्द, समस्त शब्द, नाम पदको चयन, सर्वनामको चयन, विशेषणको चयन, क्रियापदको चयन, नामयोगीको चयन, क्रियायोगीको चयन, संयोजकको चयन, निपातको चयन, विश्मयादिबोधकको चयन, अनुकरणात्मक शब्दको चयन, प्रश्नसूचक चिन्ह (?) को प्रयोग जस्ता विभिन्न चयन विचयनहरू समेटिएको छ ।

## 'धर्मा' शोक महाकाव्यको कथानकको विश्लेषण

प्रस्तुत शोक महाकाव्यका लेखक कोमलप्रसाद पोखरेलको अश्रुपथको प्राप्ति हो । यसमा स्रष्टाको पथशम्बल बनेको छ आत्मिक मुटुको स्मृति-आहति । धर्मा अर्धाङ्गिनी उनकी । आधा अङ्गको वियोजनले अपाङ्गचेतना बनेको छ अन्तर्यमा कविको । बिलौना हुन्थ्यो अरूको भए, सुकिजान्थ्यो आँसु पनि, आखिर समयको क्रुरता सहनु नै विकल्पहीन उपाय हो मान्छेको । हो, विवेकको क्षितिजमाम मायालु कोमल मनले नरमनरम दृष्टि लाइहाल्यो । मुटु फुटेर छट्पटिएको कवि अब मुटु जोडेर कलममाा धर्माश्रिता कवितामा पो पोखियो । असारको १२ मा परेको नोबेल-चट्याङले आहत कोमल-कलम रुँदै, बिसाउँदै समयसँग रिसाउँदै, रुमाल-तकिया चिस्याउँदै बढिरह्यो आफ्नो र आफ्नीको जीवनगीता लय मिलाएर गाउँदै । १०० दिनका ओसिला असजिला परेली-पलहरूले धर्मात्माप्रति सादर स्मृतिश्रद्धाको काव्यमाला तयार पार्न कविलाई प्रेरणा जो दिए, हाम्रा हातमा शब्दश्राद्धको काव्यिक तर्पण अश्रुसिक्त कवितागाथामा नवीनतम काव्यावतार बनेर आएको छ ।

हो, धर्मा आँसुको पोखरी हो, मनको झरी हो, स्मृतिको भुमरी हो र समयको हुन्डरीमा हेलिएको कोमल मनको उज्यालो जुनेली समर्पण पनि । पत्नीवियोग घाउ हो मुटुको उनको र धर्मा त्यही घाउमा भावना मल्हम । कथा कल्पनाश्रित छैन । जीवनीपरकता काव्यको मुख्य चिनारी हो । सुख्खा जीवनयात्रालाई आँसुको मसीमा चोपेर पोखरेल गुरुले आँसुमय जीवनगीता बनाएका छन् धर्मालाई । लयात्मकता यसको शैलीगत विशिष्टता हो । शास्त्रीय छन्दको सरणीमा सहजताका साथ बढ्न सक्ने ल्याकत भएका कवि कोमलले पत्नीका साथको स्मृतिलाई पूर्वदीप्तिमा सजाएर स्वाभाविक र जीवन्त बनाएका छन् ।

कवि कोमल पोखरेलको धर्मा शोक महाकाव्यमा काव्यकारले शोकलाई सिर्जन शक्तिमा रूपान्तरण गर्ने प्रेरणा काव्यको पहिलो खण्डको बन्दनाबाट नै प्राप्त गर्दछन् । उनको अभिष्ट परम्परित देवदेवीको अभ्यर्थनासँगै आँसुको काव्यशाला निर्माण गर्नु रहेको छ । सरस्वती, गणेश, शिव आदिको बन्दना गरेर सुरु गरेको कोमल-कलम पौरस्त्य महाकाव्य संरचना निर्देशानुकुल अघि बढेको छ खण्डान्तमा छन्दको परिवर्तनसहित । पहिलो खण्डमा उनले शिवताण्डवस्तोत्रको छायाकला बडो कुशलताका साथ प्रस्तुत गरेका छन् । महाकाव्य लेख्ने सामर्थ्य आफूमा रहेकामा सगर्व घोषणा गर्दै सिर्जनमहत्ता र कृति कीर्तिशालिताप्रतिको जयघोष छ उनको यहाँ ।

'बतासे र जिमिखाँद' शीर्षकबद्ध दोस्रो खण्ड काव्यनायिका धर्माको जीवनका बाल्यवयवर्णनमा केन्द्रित छ । जिमिखाँदका मध्यमवर्गीय उमाकान्त धर्म र संस्कृतिका अभियन्ता व्यक्ति थिए । कर्मशील उमाले गोयाङमा पनि जग्गा लिए, भैँसी पाले । जग्गा नै धन हो भनेर चुथाईमा खेती किने बिघामा ९० मन धान फल्ने । उनले विद्यालयलाई जग्गादान पनि दिए, तर समाजले उनको सेवा-दानकर्म खासै देखेन । हो, यिनकै पत्नी कृष्णकलाका कोखबाट २००३ साल कार्त्तिक १३ गते मङ्गलबार भएको हो धर्माको जन्म । उनी चिनामा भानुमता र नागरिकतामा धर्मशीला भईन् । उमाकान्तकी माहिली छोरी धर्माकी जेठी दिदी वृन्दाको बालखैमा मृत्यु भयो । धर्माका पाँच बहिनीहरू तारा, पवित्रा, शारदा, चम्पा र सुशीला आ-आफ्नै पारिवारिक जीवन निर्वाह गरिरहेका छन् भने कमलकान्त, कुमारराज र प्रकाश उनका तीन दाजुभाइ हुन् । यसरी धर्माको माइतीवृत्तमा आधारित छ दोस्रो खण्ड भने तेस्रो खण्ड 'जिमिखाँद वर्णन, वसन्तवर्णन' मा केन्द्रित छ । दुई उपखण्डमा विभक्त यस सर्गमा क्रमशः जिमिखाँदको भव्य प्रकृतिवर्णन, वासन्ती शोभागायन गर्दै आफ्नो जन्मथलो इलामको सुन्दर वर्णन गरेका छन् कविले ।

'पर्यावरणीय सुन्दरतामा इलाम' शीर्षकको चौथो खण्डभित्र इलामको प्राकृतिक सौन्दर्य तथा आयुर्विज्ञानसम्बद्ध कविसामर्थ्यको प्रभावकारी सम्प्रेषण देख्न सकिन्छ । पाँचौ खण्ड कविको जन्मथलो इलाम, बर्बोटेको तोरीबारीको प्राकृतिक सौन्दर्यविमर्शमा केन्द्रित छ । यसै खण्डमा कविले आफ्नो विशदवंशवर्णन समायोजन गरेका छन् । 'धर्माको गार्हस्थ्य जीवन' शीर्षकबद्ध छैटौँ खण्डका ४५ पद्यहरूले कोमल-धर्मा दाम्पत्ययात्राको विषय निकै रोचक बनाएका छन् । कोमलको अभावमय जीवनमा पत्नी बनेर आएकी धर्माका प्रारम्भिक दिनहरू निकै कठिन अनुभव हुन्छन्:

'पतिका घरको हाल थियो अत्यन्त नाजुक
त्यसले बेहुलीलाई पाऱ्यो अत्यन्त भावुक ॥' (६:१०)

कोमल कर्म विश्वासले १०५ रु तलब पाउने ती दिनमा पनि गरिबीसँग सङ्घर्ष गरेर सफलता पाएको देखिन्छ। चरम पारिवारिक आर्थिक समस्यासँग जुझ्दै झापाको गरामुनीमा आश्रितजनहरूको व्यवस्थापन गरेर आफू चाहिँ सुरुङ्गामा दिउँसो स्कुल तथा बिहान बेलुकी अर्काका घरमा केटाकेटी पढाएर एक्लो जीवनयापन गर्ने कोमलले पत्नी धर्मालाई मातापिताको सेवाको दायित्व सुम्पिएका थिए ।

सातौँ खण्डमा 'सुरुङ्गामा सुदामासुख' शीर्षकमा छ दर्जन पद्यहरूका माध्यमले वर्णित कविको दाम्पत्य जीवनको क्षण निकै मार्मिक छ। दुई छोराछोरी लिएर धर्मा पनि सुरुङ्गा आएपछि भने कोमलको जीवनले थप दुःखका अनुभवहरू सँगाल्ने अवसर पायो। उनले परिवारसहित बस्न कतै डेरा पाएनन्। इलुवाबारीमा गङ्गा पोखेलको रित्तो कटेरो कोमल दरबार बन्यो सामयिक। दुई वर्ष कटेरोमा बास भयो। अर्को ठाउँमा सरेसि धामन सर्प पाले बसेको भेटियो। फेरि अर्को ठाउँको आवास त आगजनीले खरानी नै बनायो। त्यसपछि फेरि टप्पुमा नन्दलाल पोखरेलको गाईगोठमा चित्राले बारेर चार महिना बित्यो। त्यहाँबाट पनि सर्पभयले उठिबास भयो। अब भने नजिकैको धर्मभकारीको एउटा कोठामा २०२९ पुसमा कविको बिरालीपथ रोकियो। १७ दिनको छोरालाई हुरीले बार लडाएर थिचेपनि संयोगले बाँचेपछि मात्र कवि कोमल बजारमा सरे। छ महिना त्यहाँ डेरा बसेर बल्ल उनी आफ्नो बुकुरोमा सरे। २०४० सालमा खेतसमेत जोडेपछि यिनको सुदामासमता छाया पऱ्यो। यस खण्डको समापनसँगै कविकृत घरविवेक घत लाग्दो छ।

खण्ड आठ 'पुत्रशोक' शीर्षकमा आबद्ध छ। कविदम्पत्तिका एकमुठ्ठी सन्तानहरू ०२४ देखि ०३२ सालसम्म बडो नियमले झैँ २४ महिनाकै अन्तर कायम राख्दै जन्मेका देखिन्छन्। सूर्य, कृष्णा, तीर्थ, गणेश र पुष्पा गरी तीन छोरा र दुई छोरी जन्माएपछि भने विनोदी कवि कोमलले सन्तान दरबन्दी थपेनन्। आफ्नै खुट्टामा उभिन समर्थ भइसकेका जेठा छोरा सूर्यको माघ ३, ०४९ मा काठमाडौँ जानेक्रममा सडक दुर्घटनामा दुःखद निधन भयो। आमा धर्मालाई पुत्रवियोगको विषादनाले अधमरु बनायो भने बाबा कोमलको कविमन विष्फोट हुनपुग्यो। उनले मेरो सूर्य शोककाव्य लेखेर पुत्रवियोगको शोकलाई काव्यिक शक्तिले सहन गरे। मरेरै पनि सूर्यले पितालाई आफूजस्तै जेठो काव्यसन्तान दिएर गए।

सूर्यको मृत्युले पोखरेल परिवार आहत बन्यो, बिथोलियो लामो समयसम्म। पुनः नयाँ दिनहरू आए, बटुलेर रहलपहल खुसी मुस्कुरायो घर, बिर्सेर घाउ, हाँस्दै अघि बढ्यो सुन्दर परिवार। स-साना खुसी पनि परिवारमा बाँडेर, छोराछोरीको विवाह, नाति नातिनासँगको आनन्द र जीवनका उज्याला किरणले नुहाउँदै रमाउँदै कर्मयात्रामा कोमलदम्पती हिँडे।

दुई उपखण्डमा विभक्त नवौं खण्डको पहिलो उपखण्ड 'धर्माको धामगमन' हो भने दोस्रो उपखण्डमा 'पत्नीशोक' उपशीर्षकमा 'क' देखि 'च' सम्मका ७४ पद्यहरू संयोजित रहेका छन्। अमेरिकामा भएकी छोरी कृष्णलाई फोन सम्पर्कमा 'नानु ! म मर्छु होला, एकफेरा आऊ न है' भन्ने धर्मालाई पित्तथैलीको ढुङ्गा भएछ। प्रारम्भमा विर्ताले अप्रेसन नै गर्नुपर्ने भनेपछि विराटनगर नोबल हस्पिटल लगियो। ०७३ असार १२ मा चिकित्सकीय लापर्वाहीकै कारण धर्माको अकल्पनीय र दुःखद निधन हुन पुग्यो। मर्मान्त पीडाले कवि कोमल आहत हुन पुगे। यसै खण्डमा पत्नीशोकको आहतिलाई सहने अभ्यासमा क-चसम्म उनका कारुणिक शब्दहरूले आँसुमा पौरँदै उत्रँदै पाठकसँग सम्वाद गरेका छन्। उनको मृत्युचिन्तन यहीँ खुल्न पुग्छ। आत्माको अजरामरताको गायन गर्दै आफ्नो जीवनचिन्तन नि स्पष्ट गर्ने मौका पाउँछन् कवि।

कविले पत्नी धर्माका वचनहरू सम्झँदै मुक्तिनाथ जानेजस्ता कतिपय उनका इच्छाहरू पूरा गर्न नसकेकोमा प्रिय-पछुतो गर्दै आँसुको भाषामा पिरतीको दाम्पत्यावतार प्रकट इमानी बनेर गरेका छन्।

दसौं खण्ड 'नारीका रूपमा धर्मा' हो। यहाँ आमाको महत्ता वर्णित छ प्रारम्भमा। मातृत्वचिन्तन बडो विशद र भव्य छ कविको। यसै सन्दर्भमा धर्माको रूप हृदयभरि धारण गरेर उनी पत्नीस्वरूप चिन्तन गर्छन्। धर्मासँग विवाह हुँदा स्वयम् अन्डरमेट्रिक मात्र थिए। विवाहपछि धर्माकै प्रेरणा र व्यवहारिक बलमा आफूले एम.एसम्मको शैक्षिक प्रगति हासिल गरेको यथार्थ उनका आँखाका आँसुले कहिल्यै बिर्सन दिनेछैनन्।

यही खण्डमा कवि पत्नीको सुकीर्ति घरभन्दा बाहिर पनि चम्किरहेकोमा गर्व गर्छन्। सामाजिक सचेतनता र नारी जागरणमा लागिरहने धर्मामा गीताको गम्भीर ज्ञानले सेवाभावनामा प्रेरणा थपेको थियो। काव्यको अन्तिम अर्थात् एघारौं खण्ड पनि दुई उपखण्डमा सजाइएको छ। पहिलो उपखण्ड विभिन्न २९ वटा संघसंस्थाद्वारा व्यक्त श्रद्धाञ्जलीमा केन्द्रित छ। यसमा कवि कोमलले यी संस्थाहरूको सामान्य परिचयसहित

हार्दिक आभारभाव व्यक्त गरेका छन् भने दोस्रो उपखण्ड आत्मश्रद्धाञ्जलीका रूपमा रहेको छ। यस क्रममा उनी आत्मबोध, प्रतिबद्धता र मृत्युको अवश्यम्भाविताप्रति चिन्तन गर्छन्। मृत्युको प्रहारले पति वा पत्नीको असामयिक वियोगबाट हुने दुःख वा पीडा सार्वजनिक हुने धारणा राखेर धर्माको कथावस्तुलाई बिराम दिएका छन्।

## कथानक

यस शोक महाकाव्यमा कोमप्रसाद पोखरेलको पत्नीपीडा, छोरा सूर्य वियोगको पीडा, छोरी कृष्णप्रभा, माइला छोरा तीर्थ, बुहारी सुशीला, नाति अजित, नातिनी प्रतिभा, अजिता आदि वर्णन छ। त्यसैगरी प्रस्तुत शोक महाकाव्यमा कान्छो छोरा गणेशको चर्चा, परिचर्चा गरेको छ भने कान्छी छोरी पुष्पाको पनि महाकाव्यकारले वर्णन गरेका छन्। यो शोक महाकाव्य पत्नी धर्माको जीवनीपरक छ। यस महाकाव्यमा पोखरेलले धर्माको जन्मास्थान, पितामाता, गाउँ, परिवेश, बाल्यकालका कुरा, आफ़न्तका कुरा, परिघटनालाई असाध्यै राम्रो भाषामा सरल र आकर्षक ढङ्गबाट प्रस्तुत गरेका छन्। असाध्यै ससाना परिघटनालाई सूक्ष्म तरिकाले व्याख्या गरेकाले पढ्न अल्छी लागेपछि मननीय र अर्थपूर्ण छन्।


यस महाकाव्यको अन्त्यमा पत्नीशोकमा छट्पटिएका महाकाव्यकारले आफू एक्लो हुँदा वा आपत पर्दा आफूलाई सम्हाल्ने कोही नभएको र आफू एक्लो भएको बिलौना गरेका छन्। यस महाकाव्यमा काव्यकारले धर्माको आनीबानी नारीमा हुनुपर्ने गुण, आफन्त, सानीमा, फु, बुहारी आदि भूमिकाको चर्चा गरेका छन्। यसैगरी साहित्यकारले आफूलाई आत्मबल दिने साहस दिने धर्मा नै भएको कुरा महाकाव्यमा व्यक्त गरेका छन्। पत्नी धर्मा विभिन्न संघसंस्थामा आबद्ध भएको र श्रद्धाञ्जली दिनको लागि धेरै संघसंस्था तथा क्याम्पसबाट आफन्तजन, साथीभाइ, इष्टमित्र भेला भएको कुरा व्यक्त गरेका छन्। त्यसैगरी बुद्धिजिवीहरूको सहानुभूतिले आफूलाई बाँच्न केही साहस मिलेको कुरा महाकाव्यकारले व्यक्त गरेका छन्। उनले आत्मशान्तिका लागि छोराछोरी र आफन्तलाई राखेर गिताको ज्ञान बाँड्दा केही शान्ति मिलेको र धर्माको आत्माको शान्तिको कामना गरिएको छ। त्यसैगरी पत्नीविहीन पतिको कथा के गरी घट्ला भनेर पनि कथाकारले यस शोककाव्यमा उल्लेख गरेका छन्। धर्मा शोकमहाकाव्यमा धर्माको बाल्यकालको अवधिदेखि उनको जन्मस्थानको वर्णन छ। उनको विवाह, पति र सन्तानका कुराहरू तथा जवानीको बेलामा खाएको हन्डरको बयान छ। धर्माको चारित्रिक विशिष्टताहरू यसमा देखिएका छन्। यसैले

काव्यकी आलम्बन धर्मा नै हुन् । उनका असल गुणले क्रमिक रूपमा सुधारिन थालेको परिवारभित्र पहिले पुत्रशोकको बज्र परेको छ र केही तरङ्गिन लागेको परिवारमा स्वयमं धर्माकै निधन भएको छ। यसबाट परिवार र धर्माका पति आकुलव्याकुल हुँदै धर्मा शोककाव्यको रचना गरेका छन् । काव्य पढ्दा सुरुमा धेरै खण्डहरूमा शोककाव्यको आभाष नभए र नदेखिए पनि खण्ड पाँचदेखि कवि धर्मामा खनिएका छन् ।

## कथानकको विकासक्रम

कथानकको आङ्गिक विकास भनेको आदि, मध्य र अन्त्यको समुचित विन्यास हो । आङ्गिक दृष्टिले पूर्ण कथानकमा आदि, मध्य र अन्त्यको अवस्था विकसित भएको हुन्छ । जसलाई निम्नानुसार देखाउन सकिन्छ:


कथानकका तत्वहरू यस प्रकार रहेका छन् :




उक्त कथनकको विकासक्रमलाई जर्मनेली समालोचक गुस्ताफ फ्लुवर्ट फ्रेटागले 'टेक्निक अफ द ड्रामा' (१८६३) भन्ने ग्रन्थमा कथानकको विकासक्रम (अवस्था)को उल्लेख गरेका छन् । फ्रेटागको सूचीस्तम्भ तलतिर फराकिलो र माथितिर साँगुरिँदै गएको छ । यसलाई फ्रेटागको पिरामिड भनिन्छ । फ्रेटागका पिरामिड र 'महको म'को कथानक प्रसिद्ध जर्मन समालोचक गुस्ताभ फ्रेटागले आख्यानात्मक कृतिका संरचनामा पाइने कथानकको जुन विकासक्रम निर्धारित गरेका छन् त्यसलाई उनकै नामबाट 'फ्रेटागका पिरामिड'

भनिन्छ । जग वा थालनीतिर फुकेर क्रमशः साँघुरिँदै जाने संरचनाको नाम 'पिरामिड' वा सूचिस्तम्भ हो । प्रस्तुत लेखमा फ्रेटागको सूचिस्तम्भका समानान्तर 'महको म' निबन्धको कथानक राखेर हेर्ने र सो आधारमा उक्त कृतिको कथानक वा व्यतिक्रमिक के छ भनेर निर्क्योल गर्ने प्रयास गरिएको छ ।

फ्रेटागका अनुसार- 'टेक्निक अफप् द ड्रामा' (१८६३) पुस्तकमा सूचिस्तम्भात्मक पिरामिडमा निम्न पाँच अवस्था देखाइएको छ ।




**आरम्भ**

आख्यानात्मक कृतिको कथानकको विकाससँग सम्बद्ध पहिलो अवस्थामा मुख्य पात्रको चिनारी गराइएको हुन्छ । यसमा पात्रहरूले जुध्नुपरेको समस्या र परिस्थितिको पनि जानकारी दिइन्छ । (शर्मा, २०४८)

**सङ्घर्ष विकास**

कुनै आकस्मिक परिस्थितिका कारण अथवा घटना विशेषका कारण पात्रहरूका सामू नयाँ समस्या उत्पन्न हुन्छ र पात्रहरूको सङ्घर्ष आरम्भ हुन्छ । पहिलो महत्वपूर्ण परिस्थिति घटनालाई नै प्रथम सङ्कटावस्था भनिन्छ ।

**चरम**

पहिलो सङ्कटावस्थाले अन्य सङ्कटावस्थालाई जन्माउँछ । यसै कारणले सङ्कटावस्थाहरूको एउटा शृङ्खला तयार हुन्छ । विभिन्न सङ्कटावस्थाका कारण चरित्रमा

परिवर्तन आउँछ र नयाँनयाँ समस्या उत्पन्न भएर सङ्घर्ष बढ्दै गई कथानकको विकास हुन्छ। सङ्कटावस्थाहरूको शृङ्खलाले अन्त्यभन्दा महत्वपूर्ण गम्भीर र निर्णायक सङ्कटावस्था हुन्छ। यो अन्तिम सङ्कटावस्था नै चरम हो।

### सङ्घर्ष ह्रास

कथानकका पात्रहरूको चर्को सङ्घर्ष मत्थर हुन्छ। छरिएको घटना प्रवाहलाई समेट्ने र सगाल्ने काम गरिन्छ। कुनै कार्य निर्णय वा खोजका कारण सङ्घर्ष कार्य टुङ्याउनीमा पर्छ।

### उपसंहार

पात्रहरूको सङ्घर्ष टुङ्गिन्छ। पात्रहरूले आफ्ना कार्यअनुसारको फल पाउँछन् र समस्याको समाधान हुन्छ।

फ्रेटागको यो सूचीस्तम्भ सबै कथानकमा लागु हुन्न। नियमित कथानक भएको आख्यानात्मक कृतिमा यो सूचीस्तम्भ यथावत लागु हुन्छ तर अनियमित कथानक भएको कृतिमा भने यथावत लागु नभई आंशिक रूपमा मात्र लागु हुन्छ। सूचिस्तम्भ सीमित रूपमा लागु भए तापनि फ्रेटागको कथानक सम्बन्धी धारणाले वर्तमान समालोचना समेत ज्यादै प्रभावित भएको छ।

## फ्रेटागको पिरामिडअनुसार 'धर्मा' शोक महाकाव्यको कथानकको विकास

प्रेटागको पिरामिडअनुसार 'धर्मा' शोक महाकाव्यको कथानकको विकासक्रमको अवस्थालाई चिनारी, सङ्घर्ष, चरम, सङ्घर्षह्रास र उपसंहार गरी पाँच चरणमा चिनाउन सकिन्छ।

'धर्मा' शोक महाकाव्यमा महाकाव्यकारले स्वर्गीय पत्नी धर्मादेवी पोखरेल नै यस काव्यको मुख्य नायिका भएको र उनको मृत्युमा केही छटपटि भएको बेला यो कृति जन्मिएको कुरा उल्लेख छ। यस काव्यमा काव्यकारले ११ खण्डसम्म कोरेका छन्। पहिलो खण्डमा ईश्वर वरदान राखिएको छ। त्यसैगरी नेपालको भूगोल तालतलैया, मठमन्दिर, नदीनालाहरूको एकएक गरी बन्दना गरिएको छ।

दोस्रो खण्डमा धर्माको जन्मास्थान इलामको जिमिखाँदका प्राकृतिक मनोरम स्थलको वर्णन गरिएको छ। धर्मा त्यहीँकी समाजसेवी व्यक्तित्व उमाकान्तकी पुत्री भएको कुरा उल्लेख छ। यसैगरी यस काव्यमा जीमिखाँदको प्राकृतिक वर्णन छ भने धर्माको जन्मस्थानको वर्णन गरिएको छ। यहाँका ओखती, फलफूल, वनस्पति, लत्तागुल्म, चराचुरुङ्गी, किटपतङ्गको समेत निकै चर्चा गरिएको छ।

खण्ड पाँचमा धर्माको ग्राहस्थ जीवन देखाइएको छ। आफ्नो चरम आर्थिक अभावका कारणले पैतृक थलो छोड्नुपरेको र महेन्द्र राजाले भूपु सैनिकहरूलाई जग्गा दिने भएपछि गरामुनि चारधापमा ससुरा बुबाले जग्गा पाएको र फँडानी गरी खेत बिराई उब्जाउयोग्य बनाएको कुरा उल्लेख छ। त्यसैगरी धर्मासँग सुरुङ्गामा बिताएको चरम गरिबी अभावले पिल्सिएको कष्टकर जीवनको भावुक र कारुण तरिकाले पोखेका छन्। खान लाउन पनि धौ धौ पर्ने र शिक्षण पेसाबाट आएको १०५ रूपैयाँले केही नपुग्ने कुरा यसमा उल्लेख छ। महाकाव्यकारले आफ्नो जीवनले भोगेका संवेदनशील र दयनीय अवस्थाको सुमधुर र कारुणिक अवस्थाको वर्णन गरेका छन्। शोककाव्यमा पुत्र सूर्यको कारुणिक व्यथा उठाइएको छ। त्यसैगरी खण्ड आठमा सन्ततिको वर्णन गरेका छन्। सबै सन्तानलाई धर्माले वात्सल्यतापूर्वक हुर्काएको र पुत्रबधुहरूलाई समेत पुत्रीसरह मौनताले भरिएको वात्सल्यता दिन सकेको कुरा उल्लेख गरेका छन्।

खण्ड नौमा पत्नीशोकलाई समेटेका छन्। धर्माको निधनपछि भाव सागरमा पति तरङ्गित भएको कुरा उल्लेख छ। यसमा अधुरा इच्छा र सपना बोकेर आफू पछुताउनु परेको कुरा उल्लेख छ। खण्ड दशमा नारी जातिको महिमाको बयान गर्दै आफ्नो जीवनको स्रोतका रूपमा लिएका छन्। उनको शैक्षिक दुरदर्शीता, सामाजिक सेवा र पारिवारिक दायित्वबोध भएको कुरा जनाउँदै उनैका कारण कविले उनको निधनले घरै शुन्य भएको कविताका माध्यमबाट व्यक्त गरेका छन्। खण्ड एघारमा धर्माको निधनपछि विभिन्न संघसंस्थाले शोक सन्देश वितरण गरेको र शोकलाई गीता अध्ययनबाट मन बुझाएको कुरा व्यक्त गरेका छन्।

यस काव्यमा पोखरेलले धर्माको बाल्यकालको अवधिदेखि उनको जन्मस्थानको वर्णन, विवाह, पति र सन्तान, धर्माको जवानीको बेला खाएको हण्डर आदि कविताका माध्यमबाट छताछुल्ल पारेका छन्। धर्माको चारित्रिक विशिष्टता काव्यबाटै देखाएको छ। असल गुणकी

धर्मालाई पुत्रशोकको बज्रपात परेको र त्यसको केही समयपछि स्वयम् धर्माकै निधन हुँदा कविले आफ्नो मनलाई आकुलव्याकुल बनाएको कुरा शोककाव्यमा उल्लेख गरिएको छ ।

**आरम्भ/चिनारी**

आख्यानात्मक कृतिको कथानकको विकाससँग सम्बद्ध पहिलो अवस्थामा मुख्य पात्रको चिनारी गराइएको हुन्छ । यसमा पात्रहरूले जुध्नु परेको समस्या र परिस्थितिको पनि जानकारी दिइन्छ, जस्तैः

- व्यास भन्थे तिमी लेख्दथ्यौ सर्सरी कत्ति रोकिन्नथ्यो लेखनी निर्झरी (पृ.१, श्लोक : ३) ।

- चन्द्र हे ! रातमा चाँदनी छर्दिए !
  भक्त मानी चिसो चेतना भर्दिए !
  पूर्णिमाका तिमी इन्दु मेरा प्रिय !
  यी दशै इन्द्रिय स्वच्छ पारे अब ! (खण्ड १, श्लोक : २१, पृ.५)

- जेजे भए पनि श्वेत गहना हो इलामको,
  बेला आएपछि श्रेय बढ्ला यो जिमिधामको ॥ (खण्ड : २, श्लोक : ६, पृ.९)

- चिनामा उनको नाम जुर्‍यो भानुमता अनि,
  नागरिक्ता बन्यो धर्मशीला पोखेल कानुनी ॥ (खण्ड : २, श्लोक : २७, पृ. १२)

- इलाम हो कोमल जन्मभूमि,
  धर्मा, प्रियाको पनि जन्मभूमि ।
  मातापिता बन्धुहरू सबैको,
  हो जन्मभूमि प्रिय कर्मभूमि ॥ (खण्ड ३, उपखण्ड : ख, श्लोक : ४१, पृ. २१)

- कवि कोमल जन्मेको तोरिबारी मनेरम
  आगामी खण्ड पाँचौमा यसको हुन्छ वर्णन (खण्ड : ४, श्लोक ८२, पृ. ३८)

प्रस्तुत शोक महाकाव्यमा महाकाव्यकारले धर्माको गाउँघरको वर्णन, जडीबुटीको वर्णन, धर्माको परिवारको वर्णन, मातापिता, दाजुभाइ आदिको वर्णन गर्दै धर्मालाई १७ वर्षको उमेरमा विवाह गर्दाको समयसम्मलाई आरम्भ चिनारी मानिएको छ । यस शोक महाकाव्यमा काव्यकारले गाइभैँसीदेखि लिएर पाथीभरा देवीको वर्णन गर्दै खेतीपाती गर्दा

गरिबहरूको सहारा नै अर्मपर्म हो । अर्मपर्मकै भरमा एक विगाहा बराबर ९० मनसम्म धान फलाउन सफल धर्माको परिवार चुथाइमा बसाइँ सरी खुशीसाथ रमाएको देखिन्छ । यसैगरी महाकाव्यकारले आफ्नो जन्मभूमिको वर्णन हुचिल निलतवा टेम, बन्जुल, वन परेवा, मौरी, गौँथली आदि चराचुरुङ्गीहरूको पनि विश्लेषण गरेका छन् । कविले विभिन्न जातजातका फूलहरूको पनि वर्णन गरेका छन् । बेली, गुलाफ, जुही, भँगेरो आदि बोटबिरुवाहरूको पनि व्याख्या गरेका छन् ।

**सङ्घर्ष विकास**

कुनै आकस्मिक परिस्थितिका कारण अथवा घटना विशेषका कारण पात्रहरूका सामू नयाँ समस्या उत्पन्न हुन्छ र पात्रहरूको सङ्घर्ष आरम्भ हुन्छ । पहिलो महत्वपूर्ण परिस्थिति घटनालाई नै प्रथम सङ्कटावस्था भनिन्छ । जस्तैः

- व्रतबन्ध हुँदा ठूलेको उमेर थियो दश,
  त्यसै दिन विबाहाको जुरेछ शुभ साइत ॥ (खण्ड : ५, श्लोक : ६७, पृ.४७)

- केही वर्षपछि लोकमाया परमधाममा,
  गइन् संसार छाडेर, के बस्थिन् दुःखकष्टमा ? (खण्ड : ५, श्लोक : ७७, पृ.४८)

- सत्रौँ वसन्तको पार धर्मा गर्दै थिइन् जब,
  लता झाङ्गिन लागेको दृष्टिगोचर भो तब (खण्ड : छ, श्लोक : १, पृ.५५)

- दुःखको खहरेबाट सजिलैसँग फड्कने
  गीतागङ्गा नुहाएका पिता राम नआत्तिने । (खण्ड : ६, श्लोक : १४, पृ.५६)

- घरमा बस्दथिन् धर्मा, सुख दुःखसँगै मिली,
  दुःख सुखमा सूर्यसमान भावना लिई (खण्ड : ६, श्लोक : ३९, पृ.५९)

- धर्मा, सूर्य तथा कृष्णा चार व्यक्ति भए तर,
  बस्ने डेरा नपाएर श्रीमती आत्तिइन् बरा ! (खण्ड : ७, श्लोक : २, पृ.६१)

- धेरै जाति हुँदा त हुन्छ झगडा भन्ने ठूलो शोचले
  बाँसैबाँस बुनी बडा गजबको ढोका रचेका थिए ।
  यस्तो पर्यटकीय सुन्दर थियो ऐले किनेको घर,
  पूरा बस्न दिएन, खाण्डव बन्यो सन्तापको सत्वर ॥ (खण्ड : ७, श्लोक : १५, पृ.६३)

- दोमल्ला घरमा र यो कुटिरमा सादृश्य धेरै थियो,
  लाग्ने वस्तु समान हुन् फरक ता कालीगडीमा थियो ।
  छानो काँस र बाँस निर्मित दुवै दोस्रो थियो वामन
  थाहा भो पछि नागको सदन हो पाले थिए धामन (खण्ड : ७, श्लोक : १२, पृ.६२)

- संझना देवकोटाको आएपछि भन्यो अनि
  म त हुँ घरको राजा झोपडी नै भए पनि (खण्ड : ७, श्लोक : ६७, पृ.६९)

प्रस्तुत महाकाव्यमा काव्यकारले आफ्नो पहिलो विवाह १० वर्षको उमेरमा भएको तर त्यसको केही समयपछि उनलाई पत्नीशोक परेको कथा उल्लेख गरेका छन् । लोकमाया परमधाम भएपछि पत्नीलाई श्रद्धाञ्जली दिँदै आफू भावुक भएको कुरा व्याख्या गरेका छन् । यसैगरी आफ्ना सात दिदीबहिनी भएको र दुई दाजुभाइ भएको कुरा काव्यमा उल्लेख गरिएको छ । जेठो छोरा भएकाले भाइ राजेन्द्रलाई अत्यन्त माया गर्ने र दिदीबहिनीहरूलाई पनि माया तथा आदर गर्ने कुरा काव्यकारले विश्लेषण गरेका छन् । माइली बहिनी पूर्णकुमारी भएको कुरा पनि उल्लेख छ । यसैगरी कविले अरू दिदीबहिनी तथा ज्वाइँहरूको पनि नाम र ठेगाना उल्लेख गर्दै रहेको पाइन्छ ।

पोखरेलले धर्मालाई धर्माको १७ वर्षको उमेरमा कोमलले विवाह गरी ल्याएको र अत्यन्तै अभावैअभावका समयमा पनि धर्माले कोमलको परिवार आमाबुबा, दिदीबहिनी, भाइ, भान्जाभान्जी सबैलाई समेट्दै आएको कुरा व्याख्या गरिएको छ । यसैगरी महेन्द्र राजाले भुपु सैनिकलाई जग्गा दिएपछि जङ्गल फँडानी गरी खेत बिराएर गरामुनीमा बसोबास गरेको र त्यहाँबाट बिस्तारै गरिबी हट्दै गएको कुरा उल्लेख गरिएको छ । २०२६ सालमा धर्मालाई सुरुङ्गा ल्याएर डेरा खोज्दा कविले डेरा पाएका छैनन् । दुई छोराछोरीका धनी कविले डेरा नपाएपछि गाईको गोठमा बस्न बाध्य हुनुपरेको कारुणिक कथा यहाँ उल्लेख गरिएको छ । यसैक्रममा धर्मालाई प्रसव व्यथाले चाप्ने समय हुनु, अरू छोराछोरी मसिना हुनु, गरिबी, अभावसँग सङ्घर्ष गर्दागर्दै निजी झुपडी बनाएर बसेको कथाव्यथा उल्लेख गरेको छ ।

**चरम**

पहिलो सङ्कटावस्थाले अन्य सङ्कटावस्थालाई जन्माउँछ । यसै कारणले सङ्कटावस्थाहरूको एउटा शृङ्खला तयार हुन्छ । विभिन्न सङ्कटावस्थाका कारण चरित्रमा

परिवर्तन आउँछ र नयाँनयाँ समस्या उत्पन्न भएर सङ्घर्ष बढ्दै गई कथानकको विकास हुन्छ। सङ्कटावस्थाहरूको शृङ्खलाले अन्त्यभन्दा महत्वपूर्ण गम्भीर र निर्णायक सङ्कटावस्था हुन्छ। यो अन्तिम सङ्कटावस्था नै चरम हो, जस्तैः

- झुल्क्यो सूर्य भुलुक्क झल्मल गरी हाम्रो गृहाकाशमा,
  देख्यौँ प्राकृत सूर्य आफ्नु मनको भित्री चिदाकाशमा।
  जोडी चित्त सुरम्य निर्मल बन्यो, भावी भरोसा भयो,
  थोत्रो जीर्ण कुटीर मन्दिर हुने आशा बढेको थियो॥ (खण्ड : ८, श्लोक : २, पृ.७१)
- माघ तीन उनन्चास रात्रिको बसमा चढी,
  गएको सूर्य फर्केन, बित्यो दुर्घटना परी॥ (खण्ड ८, श्लोक : २३, पृ. ७४)
- बिर्ता सीटी नामको अस्पताल,
  गर्ने गर्छन् रोगको देखभाल।
  भन्ने ठानी तत्क्षणै यानबाट,
  सो सीटीमा नै लग्यौ पूर्तिसाथ॥ (खण्ड : नौ, श्लोक : ४, पृ. ८३)
- परेबा त पोथी मरे खोज्छ अर्को
  वियोगान्तको गीत सम्झन्छ झर्को।
  मरे प्रेयसी रुन्छ भाले ढुकूर,
  वियोगान्तमा त्याग्छ आफ्नै शरीर॥ (खण्ड : ९, श्लोक : ४०, पृ. ८९)
- उनी वास्तवमा गाईप्राणीमा गनिइन् अब
  कुभलो गरिनन् कैल्यै धर्माले भन्दछन् सब (खण्ड : ९, श्लोक : ७०, पृ. ९४)।
- त्यागी कोमल नाम यो विधुरले राणो बनी घोच्दछ, भान्सामा जब बस्छु खान स्मृति नै भाँडो बनी घोच्दछ (खण्ड : ९, श्लोक : ८६ पृ. ९८)।

प्रस्तुत शोक महाकाव्यमा कोमल पोखरेलले आफ्नो शोककाव्यमा चरममा आफ्नो पुत्रशोकदेखि लिएर पत्नी धर्माको मृत्यु, आमाको अभावमा छोराछोरीको विरह, पत्नीविहीन भएर पति बाँच्नुको अर्थ आदि कुराहरू समेटेका छन्। यस काव्यमा आफूले भोग्नुपरेका

पीडाहरू स्पष्टसँग राखेका छन् । गरिबी, पुत्रशोकका साथै पत्नीशोकले महाकाव्यकारको मन चिराचिरा पारेको भाङ हुन्छ ।

### सङ्घर्ष ह्रास

कथानकका पात्रहरूको चर्को सङ्घर्ष मत्थर हुन्छ। छरिएको घटना प्रवाहलाई समेट्ने र सगाल्ने काम गरिन्छ। कुनै कार्य निर्णय वा खोजका कारण सङ्घर्ष कार्य टुङ्याउनीमा पर्छ, जस्तैः

- कविकी बुद्धिदाता र विद्यादाता सरस्वती, देवीको दृष्टिले गर्दा आलोकित थिइन् अति (खण्ड : दश, श्लोक : ३८, पृ. १०६) ।
- महिला संघ अध्यक्ष पञ्चशासनमा थिइन्, कार्यकाल दुई पूरा उनी अध्यक्षमा रहिन् (खण्ड : दश, श्लोक : ५०, पृ. १०७) ।
- भार्या तिम्रै कृपा हो, तर किन अहिले शारदे ! यो रुँदै छ, उन्कै श्रद्धाञ्जलीमा सरिक सकलमा काव्य यो टुंगिदै छ (खण्ड : १०, श्लोक : ५३, पृ. १०८) ।

प्रस्तुत शोक महाकाव्यको सङ्घर्ष ह्रासमा महाकाव्यकारले आफ्नी पत्नी धर्माको निधन भए पनि विभिन्न संघसंस्थामा उनी अमर छिन्। उनमा अध्यात्म चिन्तन धेरै भएकाले धार्मिक संघसंस्थामा उनको गुणगान गाइन्छ भन्ने जस्ता भावहरू समावेश गरेका छन् ।

### उपसंहार

पात्रहरूको सङ्घर्ष टुङ्गिन्छ। पात्रहरूले आफ्ना कार्यअनुसारको फल पाउँछन् र समस्याको समाधान हुन्छ ।

- दशगात्र क्रियाभित्र आएका समवेदना, तथा श्रद्धाञ्जलीबाट पायौं आत्मीय सान्त्वना (खण्ड : एघार, श्लोक : १, पृ. १०९)
- उपर्युक्त सबै संस्थामा आबद्ध सबै मिली, आई तिम्रो गरे श्रद्धा लिएर पुष्प अञ्जली (खण्ड एघार, श्लोक : ३२, पृ. ११२)

- तिमीले देखिनौ धर्मा ! देखे हुन्थ्यौ खुसी कति, म ता हुन्थें खुसी के र ! आँसू झारेँ भएजति (खण्ड : एघार, श्लोक : ३३, पृ. ११२)

- इस्टमित्रहरू जोजो भए यहाँ उपस्थित, सबैमा हात जोडेर भन्छ आभार कोमल (खण्ड : एघार, श्लोक : ३४, पृ. ११३)

- छोराछोरी र आफन्त सबै राखेर साथमा, गीताको ज्ञान बाँड्नाले केही शान्ति मिल्यो ममा (खण्ड : एघार, श्लोक : ४३, पृ. ११४) ।

- अथवा श्रीमतीहीन उदात्त पतिको कथा, घट्ला पाठ गरे केही सौम्य दम्पत्तिको व्यथा (खण्ड : एघार, श्लोक : ५४, पृ. ११६)

प्रस्तुत महाकाव्यमा महाकाव्यकारले पत्नी धर्माको निधन भएर पनि आफूलाई मन बुझाउनका लागि विभिन्न धार्मिक कार्यहरू गीतापाठदेखि लिएर विभिन्न संघसंस्थाबाट आएका समवेदनाहरूलाई मनन गर्दै धर्मा मरेर गए पनि धर्माको आत्माले सधैँ शान्ति पाइरहने र आफू सधैँ धर्मासँगै रहने कुरा शोककाव्यमा उल्लेख गरिएको छ ।

फ्रेटागको यो सूचीस्तम्भ सबै कथानकमा लागु हुन्न । नियमित कथानक भएको आख्यानात्मक कृतिमा यो सूचीस्तम्भ यथावत लागु हुन्छ तर अनियमित कथानक भएको कृतिमा भने यथावत लागु नभई आंशिक रूपमा मात्र लागु हुन्छ । सूचिस्तम्भ सीमित रूपमा लागु भए तापनि फ्रेटागको कथानक सम्बन्धी धारणाले वर्तमान समालोचना समेत ज्यादै प्रभावित भएको छ ।

धर्मा शोक महाकाव्यका पात्रहरूको शैलीवैज्ञानिक तालिका

| क्र. सं. | पात्रहरू | लिङ्ग | | स्वभाव | | कार्य | | | प्रवृत्ति | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | स्त्री | स्थिर | गतिशील | प्र. | सहा. | गौ | अनु. | प्रतिकु. | वर्ग | व्य. | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| १. | धर्मा | | + | + | | + | | | | | + | | + | | + | |
| २. | कोमल | + | | + | | + | | | | | + | | + | | + | |
| ३. | सूर्य | + | | | + | | + | | + | | + | | + | | + | |
| ४. | तीर्थ | + | | | + | | + | | + | | | + | + | | + | |
| ५. | गणेश | + | | | + | | + | | + | | + | | + | | + | |
| ६. | कृष्णप्रभा | | + | | + | | + | | + | | | + | | + | + | |
| ७. | पुष्पा | | + | | + | | | + | + | | | + | + | | + | |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८. | सुशीला | | + | | + | | + | + | + | | | + | + | | + | |
| ९. | दीपा | | + | | + | | + | + | + | | | + | + | | + | |
| १०. | उमाकान्त | + | | | + | | | + | | | | + | | + | + | |
| ११. | कृष्णकला | | + | | + | | | + | + | | | + | | + | + | |
| १२. | वृन्दा | | + | | + | | | + | + | | | + | | + | + | |
| १३. | कुमारराज | + | | | + | | | + | + | | | + | | + | + | |
| १४. | तारा | | + | | + | | | + | + | | | + | | + | + | |
| १५. | पवित्रा | | + | | + | | | + | + | | | + | | + | + | |
| १६. | शारदा | | + | | + | | + | | + | | | + | + | | + | |
| १७. | प्रकाश | + | | | + | | + | | + | | | + | + | | + | |
| १८. | डिल्लीराम | + | | | + | | + | | + | | | + | + | | + | |
| १९. | लक्ष्मी | | + | | + | | + | | + | | | + | + | | + | |
| २०. | राम | + | | | + | | + | | + | | | + | + | | + | |
| २१. | जालपा | | + | | + | | | + | + | | | + | | + | + | |
| २२. | देवदत्त | + | | | + | | | + | + | | | + | + | | + | |
| २३. | सरस्वती | | + | | + | | | + | + | | | + | + | | + | |
| २४. | कमलापति | + | | | + | | | + | + | | | + | | + | + | |
| २५. | काँशीनाथ | + | | | + | | + | | + | | | + | + | | + | |
| २६. | कुबेर | + | | | + | | | + | + | | | + | | + | + | |
| २७. | रमाकान्त | + | | | + | | | + | + | | | + | | + | + | |
| २८. | देवीभक्त | + | | | + | | | + | + | | | + | | + | + | |
| २९. | टंकनाथ | + | | | + | | | + | + | | | + | | + | + | |
| ३०. | गोविन्द | + | | | + | | | + | + | | | + | | + | + | |
| ३१. | विष्णुमाया | | + | | + | | | + | + | | | + | | + | + | |
| ३२. | देवका | | + | | + | | | + | + | | | + | | + | + | |
| ३३. | दीनानाथ | + | | | + | | | + | + | | | + | | + | + | |
| ३४. | लक्ष्मीकान्त | + | | | + | | | + | + | | | + | | + | + | |
| ३५. | हरिकृष्ण | + | | | + | | | + | + | | | + | | + | + | |
| ३६. | भूपेन्द्र | + | | | + | | | + | + | | | + | | + | + | |
| ३७. | रामनाथ | + | | | + | | | + | + | | | + | | + | + | |
| ३८. | मीनरूपा | | + | | + | | | + | + | | | + | | + | + | |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३९. | गोपीलाल | + | | | + | | | + | + | | | + | | + | + | |
| ४०. | राजेन्द्र | + | | | + | | | + | + | | | + | | + | + | |
| ४१. | वेदमाया | | + | | + | | | + | + | | | + | | + | + | |
| ४२. | नन्दप्रसाद | + | | | + | | | + | + | | | + | | + | + | |
| ४३. | माहेश्वरी | | + | | + | | | + | + | | | + | | + | + | |
| ४४. | कृतिका | | + | | + | | | + | + | | | + | | + | + | |
| ४५. | शिवमाया | | + | | + | | | + | + | | | + | | + | + | |
| ४६. | निर्मला | | + | | + | | | + | + | | | + | | + | + | |
| ४७. | उमा | | + | | + | | | + | + | | | + | | + | + | |
| ४८. | सरस्वती | | + | | + | | | + | + | | | + | | + | + | |
| ४९. | राधा | | + | | + | | | + | + | | | + | | + | + | |
| ५०. | कुलप्रसाद | + | | | + | | + | | + | | + | | + | | | + |
| ५१. | राजा महेन्द्र | + | | | + | | + | | + | | + | | + | | | + |
| ५२. | गोविन्द | + | | | + | | + | | + | | + | | + | | | + |

## 'धर्मा' शोक महाकाव्यमा पात्रहरूको शैलीवैज्ञानिक विश्लेषण

धर्मा बहुपात्रीय शोकपरक महाकाव्य हो । यसमा धर्मा, कोमल, रामनाथ, मीनरूपा, लक्ष्मीकान्त, सुशीला, भूपेन्द्र, हरिकृष्ण, विष्णुमाया, लक्ष्मी, डिल्लीराम, देवका, सूर्य, काँशीनाथ, कमलापति, कुबेर, कृष्णप्रभा, कृष्णमाया आदि हुन् ।

## चरित्र चित्रण

### पुरुष पात्र

लिङ्गका आधारमा कोमल, सूर्य, रामनाथ, डिल्लीराम, कुबेर, काँशीनाथ, तीर्थ, गणेश, देवदत्त, देवीभक्त, उमाकान्त, कमलापति धर्मा शोक महाकाव्यका पुरुष पात्रहरू हुन् । उनीहरूको नामकरण र महाकाव्यमा प्रयुक्त क्रियापदको आधारमा पुरुष पात्रहरू हुन् भनी सिद्ध गर्न सकिन्छ ।

**सहायक पात्र**

कार्यका आधारमा कोमल, सूर्य, तीर्थ, गणेश, कुबेर, रामनाथ, डिल्लीराम, देवदत्त आदि हुन् ।

**अनुकुल पात्र**

प्रवृत्तिका आधारमा धर्मा शोक महाकाव्यमा समावेश भएका पात्रहरू अनुकुल पात्र देखिन्छ ।

**प्रतिकुल पात्र**

यस महाकाव्यमा प्रतिकुल पात्रहरू नरहेको पाइयो ।

**गतिशील पात्र**

स्वभावका आधारमा कोमल मात्र स्थिर पात्र रहेको र बाँकी पात्रहरू सबै गतिशीलमा पर्दछन् ।

**मञ्चीय पात्र**

आसन्नताका आधारमा कोमल, सूर्य, तीर्थ, गणेश, देवदत्त, काँशीनाथ आदि कथानकमा बाँधिएका र कार्यव्यापारमा समेत प्रत्यक्ष संलग्न भएको हुँदा उनीहरू मञ्चीय पात्रहरू हुन् ।

**बद्ध पात्र**

आबद्धताका आधारमा कोमल, सूर्य, तीर्थ, गणेश, प्रकाश, डिल्लीराम, कुमारराज, उमाकान्त, देवीदत्त, कमलापति, काँशीनाथ, रमाकान्त, टंकनाथ आदि पात्रहरूलाई झिक्दा कथानकको संरचना नै भत्कने हुँदा उनीहरू निबन्धका बद्ध पात्रहरू हुन् ।

**स्त्री पात्रहरू**

लिङ्गका आधारमा धर्मा, कृष्णप्रभा, सुशीला, दीपा, कृष्णकला, पुष्पा, कृष्णप्रभा, वृन्दा, तारा, पवित्रा, शारदा, लक्ष्मी, जालपा, विष्णुमाया, देवका, मीनरूपा आदि पर्दछन ।

नाम, स्वभाव, शरीर र प्रयुक्त क्रियापदबाट उनीहरू स्त्री पात्रहरू हुन् भनेर किटान गर्न सकिन्छ ।

**प्रमुख पात्रहरू**

कार्यका आधारमा कार्यका आधारमा धर्मा धर्मा शोक महाकाव्यकी प्रमुख पात्र हुन् । उनीको भूमिका सुरुदेखि अन्तिमसम्म नभए पनि प्रमुख पात्रका रूपमा आएका छन् ।

**सहायक पात्रहरू**

कार्यका आधारमा कृष्णप्रभा, पुष्पा, सुशीला, दीपा आदि पर्दछन् ।

**मञ्चीय पात्रहरू**

तारा, पवित्रा, मीनरूपा धर्मा शोक महाकाव्यमा उपस्थित भई आफ्नो भूमिकालाई सम्वाद, वार्तालाप मार्फत निबन्धमा निर्वाह गरेको कार्यव्यापारलाई हेर्दा उनीहरू मञ्चीय पात्र हुन् ।

**बद्ध पात्र**

धर्मा यस शोक महाकाव्यकी बद्ध पात्र हुन् । उनलाई निबन्धबाट झिक्दा कथानकको संरचना नै भत्किन्छ । त्यसैले यी पात्र धर्मा शोक महाकाव्यका बद्ध पात्र हुन् ।

## भाषागत आधारमा धर्मा शोक महाकाव्यको शैलीवैज्ञानिक अध्ययन

प्रस्तुत शोधपत्रमा शैलीवैज्ञानिक विश्लेषण गर्दा कृतिमा निहीत भाषिक संरचना र साहित्यिक संरचनाको संयोजन हुन आवश्यक छ । आधारभूत संरचना भाषिक संरचना हो भने साहित्यिक संरचनाचाहिँ शीर्षकृत भएको हुन्छ । शैलीवैज्ञानिक विश्लेषणबाट भाषिक उपकरणहरूको प्रयोगले साहित्यिक कृतिलाई विशिष्टता, असामान्यता, विलक्षणता दिलाउन चयन, विचलन र सामानान्तरताको अहम भूमिका रहन्छ । शैलीवैज्ञानिक विश्लेषणको माध्यमबाट धर्मा शोक महाकाव्यमा निहीत भाषालाई भाषिक चयन, विचलन र समानान्तरताको आधारमा विश्लेषण गरिएको छ ।

**शब्द चयनका आधारमा धर्मा शोक महाकाव्य**

भाषाको न्युनतम एकाइ हो । विभिन्न ध्वनिहरू मिलेर ती ध्वनिहरूको सार्थक संयोजन नै शब्द हो । रचनालाई स्रष्टाले ओजपूर्ण, उपयुक्त भावभिव्यक्तिलाई अर्थपूर्ण

बनाउन भाषामा उपलब्ध विभिन्न शब्दहरूमध्ये सुविचारित शब्दको छनोटले कृतिलाई रोचक बनाउँछ। धर्मा शोक महाकाव्यमा कोमलप्रसाद पोखरेलले शब्द चयनमध्येबाट विभिन्न विषयलाई अर्थपूर्ण ढङ्गबाट अभिव्यक्ति प्रस्तुत गरेको पाइन्छ।

शब्द स्रोतका आधारमा

| तत्सम शब्द | तद्भव शब्द | आगन्तुक शब्द |
|---|---|---|
| हर्षगंगा (पृ. ७३) | पाँच (पृ. ८१) | इस्वी सन् (अङ्ग्रेजी) (पृ. ३७) |
| कष्ट (पृ. ५६) | पाइला (पृ. ८१) | निम (हिन्दी) (पृ. ३७) |
| सुसमाचार (पृ. ५६) | सात (पृ. ६१) | डाक्टर (अङ्ग्रेजी) (पृ. ३६) |
| ब्योम (पृ. ७३) | काम (पृ. ५७) | कम्प्युटर (अङ्ग्रेजी) (पृ. ७८) |
| सूर्य (पृ. ७३) | घर (पृ. ६९) | जण्डिज (अङ्ग्रेजी) (पृ. ३५) |
| स्मरणीय (पृ. ६०) | बाँस (पृ. ६४) | जेसिज (अङ्ग्रेजी) (पृ. ११२) |
| अन्धकार (पृ. ८०) | कोठा (पृ. ६९) | प्रेस क्लब (अङ्ग्रेजी) (पृ. ११२) |
| निरन्तर (पृ. ७६) | गोठ (पृ. ६४) | कन्डक्टर (अङ्ग्रेजी) (पृ. ७३) |
| प्रहार (पृ. ८०) | पिता (पृ. ५७) | मास्टर (अङ्ग्रेजी) (पृ. ५८) |
| गृहाकाश (पृ. ७१) | माला (पृ. ७७) | कम्पनी (पृ. ५८) |

**तत्सम शब्दको चयन**

संस्कृत भाषाबाट नेपाली भाषामा आउँदा रूप नफेरिइकन जस्ताको तस्तै आएका शब्द नै तत्सम शब्द हुन्। प्रस्तुत 'धर्मा' शोक महाकाव्यमा तत्सम शब्दहरू सान्दर्भिक तरिकाले प्रस्तुत गरेको पाइन्छ :

- विद्यालय बनोस् भन्दै जग्गा दान दिइकन
  शिक्षालय खडा गर्ने दाताको गर्छु बन्दन ॥ (खण्ड : २, श्लोक : २१, पृ. ११)
- सानैदेखि थिइन् भद्र पछि ज्ञान अगाध भो,
  सुनेकै भरमा गीता प्राय कण्ठस्थ आउँथ्यो ॥ (खण्ड : ५, श्लोक : ९०, पृ. ५०)
- माथिका रूपमा हेर्दा धर्माको विश्वरूप छ,
  अहिले पो भयो ज्ञान नारीशक्ति अपार छ ॥ (खण्ड : १०, श्लोक : ६, पृ. १०२)

माथि रेखाङ्कित शब्दहरू **धर्मा** शोक महाकाव्यमा प्रयुक्त केही तत्सम शब्दका उदाहरण हुन् । यस्ता शब्दहरू महाकाव्यमा सार्थक रूपमा प्रयोग भएका छन् । त्यस्ता शब्दहरू महाकाव्यमा सर्जकले प्रशस्त मात्रामा प्रयोग गरेको पाइन्छ । यस्ता शब्दहरूले अभिव्यक्तिलाई तिख्खर, सुस्पष्ट, झरिलो, खिरिलो बनाउने काम भएको छ ।

**तद्भव शब्दको प्रयोग**

संस्कृतबाट रूप फेरिएर आएका शब्दलाई तद्भव शब्द भनिन्छ । धर्मा शोक महाकाव्यमा प्रयोग भएका तद्भव शब्दहरूका उदाहरणहरू निम्नअनुसार छन्:

- गरिब जनको सक्दो सेवा कमलले गरे,
  घरको अन्न खाएर जनताको भलो गरे ॥ (खण्ड : १, श्लोक : ३७, पृ. ४४)
- महिना डेढका निम्ति ओखती खान ल्याइयो,
  खाने समयमा नित्य नछुटाएर ख्वाइयो ॥ (खण्ड : ९, श्लोक : ७, पृ. ८४)
- यहाँ भोग पुग्यो भन्दै सरे कवि बजारमा,
  कुलप्रसाद मैनाली पिता भावी भए त्यहाँ ॥ (खण्ड : ७, श्लोक : ५५, पृ. ६०)

माथि रेखाङ्कित शब्दहरू धर्मा शोक महाकाव्यमा प्रयुक्त तद्भव शब्दका उदाहरणका हुन् । यस्ता शब्दको प्रयोगले महाकाव्यलाई सरल, सहज र बोधगम्य बनाउने काम गरेको छ ।

**आगन्तुक शब्द चयन**

अन्य विविध भाषाबाट नेपाली भाषामा आएका शब्दलाई आगन्तुक शब्द भनिन्छ । **धर्मा** शोक महाकाव्यमा पनि धेरै आगन्तुक शब्दको प्रयोग गरेको पाइन्छ, जुन सार्थक र सुन्दर रूपमा प्रस्तुत भएका छन् :

- लगियो राक्षसी कर्म गर्ने त्यो अस्पतालमा,
  जहाँ डाक्टर बस्दैनन् बस्तछन् राक्षसी जन ॥ (खण्ड : ९, श्लोक : १३, पृ. ८५)
- लानुपर्छ भनयो उस्ले अर्को सघन कक्षमा,
  सजिलै श्वासप्रश्वास फेराउन मसीनमा ॥ (खण्ड : ९, श्लोक : १८, पृ. ८५)

- जेष्ठ पुत्री विदेशीय पातालमा,

  मातृवात्सल्य ता देश नेपालमा ।

  फोनमा भन्दथिन् मातृले दिन्दिन्,

  हिक्क भै बाडुली लाग्दथ्यो छिन्छिन ॥ (खण्ड : ९, श्लोक : १, पृ. ८३)

माथिका रेखाङ्कित शब्दहरू **धर्मा** शोकमहाकाव्यमा प्रयुक्त आगन्तुक शब्दहरू हुन् जुन अङ्ग्रेजी भाषाबाट आएका छन् ।

**नामको चयन**

नेपाली परम्परागत व्याकरणअनुसार नाम भन्नाले व्यक्ति, वस्तु र स्थानलाई बुझाउने शब्दको रूपमा यसलाई परिभाषित गरिन्छ । कुनै पनि वस्तु गुण भाव स्थितिको परिचय गराउने शब्दलाई नाम भनिन्छ । आधुनिक व्याकरणअनुसार नाम भन्नाले कर्ता, कर्म र पूरक भई आउने शब्दलाई नामको रूपमा लिइन्छ, जस्तैः

- सारै पवित्र गाईको बास खाली त्यहाँ थियो,
- केही मास त्यही बस्न पाइनेमा कुरा मिल्यो ॥ (खण्ड : ६, श्लोक : २२, पृ. ६४)
- धर्मा हुन् माइली बैनी तारा ता साइली परिन्,

  गृहस्थान सुरुङ्गा हो चुडाल थरमा सरिन् ॥ (खण्ड : २, श्लोक : ४२, पृ. १३)
- वसन्त जङ्गलै बोकी आयो पुष्प लिईकन,

  उपहार दियो माला वरलाई लगाउन ॥ (खण्ड : ६, श्लोक : ५, पृ. ५५)

माथिका रेखाङ्कित शब्दहरू नामवाचक शब्द हुन् । यसले महाकाव्यलाई शुद्धशुद्धिको ज्ञान गराउँदै कर्ता, कर्म र पूरक भई उपस्थित भएको हुन्छ ।

**सर्वनामको चयन**

परम्परागत व्याकरणअनुसार सर्वनाम भन्नाले नामको सट्टामा प्रयोग हुने शब्दलाई जनाउँछ । आधुनिक व्याकरणले नाम, उपवाक्य, वाक्यको सट्टामा प्रयोग गरिने कुरालाई परिभाषित गर्दछ । सर्वनामको प्रयोगको औचित्य नै एउटै अभिव्यक्तिलाई पटक-पटक

आवृत्ति एवम् पुनः प्रयोगलाई रोक्नु र रचनालाई छरितो र आकर्षक पार्नु हो । धर्मा शोक महाकाव्यमा पनि प्रशस्त सर्वनामको प्रयोग भएको पाइन्छ, जस्तैः

- यही पवित्र माटामा हुर्केकी प्रिय भामिनी,
  बाउन्न वर्ष सानैमा बसेकी मनकी धनी ॥ (खण्ड : २, श्लोक : ३३, पृ. १२)
- उनका देहमा स्नेह गङ्ग बग्थ्यो निरन्तर,
  त्यसैमा गर्दथे स्नान छोराछोरी सधैँभर ॥ (खण्ड : ९, श्लोक : ६८, पृ. ९४)
- दीपा गणेशकी पत्नी बुहारी सासुकी यिनी,
  यहाँ सासू बुहारीको थिएन भावना कुनै ॥ (खण्ड : ८, श्लोक : ६३, पृ. ८०)

यसरी सर्वनाम शब्दले नामको पुनरावृत्तिलाई हटाएर यस महाकाव्यको भाषालाई चिटिक्क बनाएको छ ।

**विशेषणको चयन**

नाम वा सर्वनामको गुण, दोष सङ्ख्या मात्रा आदि जनाउने पद नै विशेषण हो । विशेषणले वाक्यलाई भरिलो र सुन्दर बनाउँछ । महको म निबन्धमा पनि विशेषणको प्रयोग प्रशस्त भएको पाइन्छ, जस्तैः

- बतासेबाट बिस्तारै तल केही झरेपछि,
  आँखाले भेट्दछन् स्वाद जिमिखाद पुगेपछि ॥ (खण्ड : २, १ : ६३, पृ. ९)
- कोही गरीब घरमा याचनामा पुग्यो भने,
  केही दान दिने गर्थिन् राम्रो स्वभावकी धनी ॥ (खण्ड : ६, श्लोक : ४२, पृ. ६०)
- यति मात्र कहाँ हो र ! सामाजिक थिइन् उनी
  गरिन् पीडितको सेवा महिला सेविका बनी ॥ (खण्ड : १०, श्लोक : ४९, पृ. १०७)

माथिका रेखाङ्कित शब्दहरू शिवेषण हुन् जसले शोक महाकाव्यलाई रसिलो बनाएको छ ।

**क्रियापदको चयन**

क्रिया भनेको कुनै कार्य प्रक्रिया हुनु हो । कुनै पनि कार्यव्यापारको घटना प्रक्रिया वा आस्था बुझाउने पदलाई क्रियापद भनिन्छ अथवा कुनै कार्य हुने वा भएको बारेमा बुझाउने पद नै क्रियापद हो । महको म निबन्धमा पनि क्रियापदको प्रयोग भएको पाइन्छ, जस्तैः

- गीता पाठ गरी नित्य प्रातः भोजन गर्दथे,

  धर्म संस्कृतिका कार्यमा सधैँ अघि सर्दथे ॥ (खण्ड : २, श्लोक : १८, पृ. ११)
- थोरै  दिन बसी सूर्य फर्कने सुरमा थियो,

  दुई माघ उनन्चासको रात्री टिकटै लियो ॥ (खण्ड : ८, श्लोक : २०, पृ. ७३)
- आशा केही लिई हुन्छ भन्यौ, राख्न लग्यो त्यहाँ,

  बिहानसम्म रोएर बसियो शीत भूमिमा ॥ (खण्ड : ९, श्लोक : १९, पृ. ८५)

माथि रेखाङ्कित शब्दहरू क्रियापद हुन् । यसले अन्त्यमा आई वाक्य पूरा भएको जनाउँछ ।

**क्रियाविशेषणको चयन**

कुनै भाषा स्रोतबाट नभएर नेपाली भाषामा आफैं उत्पन्न भएका शब्दहरूलाई झर्रा शब्द भनिन्छ । कुनै पनि कुराको ध्वनि, आवाज, घटना प्राकृतिक रूपमा उत्पन्न भई उक्त ध्वनिलाई नक्कल गरेर जस्ताको जस्तै प्रयोग गर्न सकिने शब्द नै अनुकरणात्मक शब्दहरू हुन् । यस्ता शब्दले भाषालाई स्वादिलो बनाउने गर्दछ । **धर्मा** शोक महाकाव्यमा उपयुक्त भर्रा तथा अनुकरणात्मक शब्दको प्रयोग भएको पाइन्छ, त्यसैगरी क्रियासँग सम्बन्ध राख्ने वा क्रियाको विशेषता बुझाउने अविकारी शब्द क्रिया विशेषण हुन् । धर्मा शोकमहाकाव्यमा प्रयोग भएका केही अनुकरणात्मक शब्द र क्रियाविशेषणहरू निम्नअनुसार छन्, जस्तै

- चाहे गुन्द्री हओस् वा अति नरम भुवादार गद्दी बिछ्यौना,

  चाहे सिस्नो ढिडो वा मगमग मसिनो बास्मती उच्च खाना

  जस्तो जेजे हओस् ता उचनिच नभनी गर्दथिन् नित्य काम,

  धर्मा मेरी पियारी कति असल थिइन् गैगइन् दिव्य धाम ॥ (खण्डः९, श्लोकः७१, पृ. ७५)

- नेपाली अधिकांश सभ्यजनले सारै रुचाए पप,

  यस्मा सीतन हुन्छ पार्छ जसले जादूसरी झफ्झप ।

  धर्माका प्रिय लोकगीत जब बज्छन् कानमा सम्प्रति,

  बिर्सूं भन्छु तथापि भित्र मनमा बल्झन्छ पूर्वस्मृति ॥ (खण्ड : ९, श्लोक : ८१, पृ. ९७)

- परेन, ढुक्क भो, लाग्यो जिउ डम्म क्रमैसँग

  दुःख बाहिर निस्कने बस्यो भित्र मनैसँग ॥ (खण्ड : ७, श्लोक : ६६, पृ. ६९)

- काम केही गरौं भन्न खोज्यो भने,

  गेह छाडी कतै जान खोज्यो भने ।

- काम केही गरौं भन्न खोज्यो भने,

  हातखुट्टा सबै भत्भती पोल्दछन्

  पूर्वका संझना नेत्रले खोल्दछन् ॥ (खण्ड : ११, श्लोक : ३७, पृ. ११३)

- मैनाली घरमा बस्दा चिन्ता परपरै हटी

  जाँच, तालिममा जाँदा पछि लागेन छट्पटी ॥ (खण्ड : ६, श्लोक : ५८, पृ. ६८)

माथिका रेखाङ्कित शब्दहरू अनुकरणात्मक हुन् । यी शब्दले महाकाव्यलाई मिठासयुक्त बनाउने काम गर्दछ ।

**निपातको चयन**

भाषामा सौन्दर्य, चमक र मधुरता दिन र नजिकको शब्द वा वाक्यको अर्थलाई प्रभाव पार्ने अविकारी शब्द नै निपात हो । आग्रह, अवधारणा, सहमति, प्रश्न, आशङ्का, अनिश्चय र अनुनय गर्न कुनै शब्दमा आश्रित भई त्यही शब्दको अर्थलाई द्योतन गर्ने काम यसले गर्दछ । धर्मा शोकमहाकाव्यमा पनि निपातको प्रयोग प्रशस्त पाइन्छ, जस्तैः

- ठुलो महल चाहिन्न सुनको नै भए पनि,

  जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी ॥ (खण्ड : ५, श्लोक : ५०, पृ. ४५)

- यसरी नै गुरुआमा जेठी सासू र माइजू,

  हजुरामा र जेठानी आमाजू नन्द भाउजू ॥ (खण्ड : १०, श्लोक : ५, पृ. १०२)

- त्यसबेला थियो ग्राम पञ्चायत व्यवस्थित,

  अहिले पो भयो देश सारै नै अव्यवस्थित ॥ (खण्ड : ७, श्लोक : ३६, पृ. ६५)

माथिका रेखाङ्कित भएका निपातहरू हुन् । निपातले वाक्यको अर्थलाई मिठास दिने काम गर्दछ ।

यसरी साहित्यिक परिप्रेक्ष्यमा देखिने कोशीय, व्याकरणिक, अर्थतात्विक, ध्वनि प्रक्रियात्मक, लेख्य प्रक्रियात्मक, प्रयुक्ति विचलन गरी विभिन्न प्रकारका हुन्छन् । यिनै विचलनका आधारमा धर्मा शोकमहाकाव्यको विश्लेषण गरिएको छ :

**कोशीय विचलन**

शब्दकोशमा समावेश नभएका शब्दहरू स्रष्टा आफैँले निर्माण गर्ने वा परम्परामा रहेका शब्दलाई नयाँपनका साथ उपस्थित गराएर प्रयोग गरिने भाषिक अभिव्यक्तिलाई कोशीय विचलन भनिन्छ । कोशमा प्रयुक्त सीमित शब्दहरूले अभिव्यक्तिलाई बहन गर्न नसक्ने अवस्थामा स्रष्टाले आफ्नो क्षमता प्रदर्शन गर्न नयाँ शब्दको प्रयोग गर्दछ । यस धर्मा शोकमहाकाव्यमा रहेका कोशीय विचलनका केही उदाहरणहरू यसप्रकार प्रस्तुत गरिन्छ :

- नामले त्यो नोबलहो कामले नर्कको घर
  बिरामी रक्तमा खेल्दै पैसा छिन्दछ दोबर ॥ (खण्ड : ९, श्लोक : १४, पृ. ८५)
- संझना देवकोटाको आएपछि भन्यो अनि
  म त हुँ घरको राजा झोपडी नै भए पनि ॥ (खण्ड : ७, श्लोक : ६७, पृ. ६९)
- धर्माका मनमा ठूलो अध्यात्म-पोखरी थियो
  त्यसैको जलले लालाबालाको क्षेत्र भिज्दथ्यो ॥ (खण्ड : १०, श्लोक : ४६, पृ. १०७)

माथिका शब्दहरू कोशीय विचलन हुन् । स्रष्टाका आफ्ना निजी शब्दहरू नयाँ शब्दका रूपमा प्रयोग गरेका छन् ।

**व्याकरणिक विचलन**

लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, पदक्रम आदि व्याकरणिक धारालाई नवीन बनाउने हेतुले मानक रूपभन्दा भिन्न ढङ्गले प्रस्तुत गर्नुलाई व्याकरणिक विचलन भनिन्छ । यी विविध व्याकरणिक कोटिमा देखिने विचलन भाषिक नियमका विपरीतका रूपमा देखा पर्दछ । यसमा कर्ता, कर्म र क्रियाका साथसाथै उद्देश्य र विधेयबीचको रखाइको अनुक्रममा

देखापर्ने उल्लङ्घनलाई पनि व्याकरणिक विचलनअन्तर्गत नै अध्ययन गरिन्छ । **धर्मा** शोक महाकाव्यमा प्रयुक्त केही व्याकरणिक विचलन निम्नानुसार प्रस्तुत गरिएको छ :

- टीकाप्रसाद आचार्य ज्वाइँ हुन् काव्यकारका
  जन्मिए कमला राधा निर्मला तीन पुत्रिका ॥ (खण्ड : ५, श्लोक : १०६, पृ. ५२)
- उमाकान्त थिए एक व्यक्ति मध्यम वर्गका
  अन्य व्यक्ति थिए सारा गाउँले निम्न वर्गका ॥ (खण्ड : २, श्लोक : १५, पृ. १०)
- पानी पाखेलको संस्था कुलवंश प्रतिष्ठित ।
  झापा मण्डलमा आफ्नो कार्य गर्छ यथोचित ॥ (खण्ड : ११, श्लोक : ९, पृ. ११०)

माथिका रेखाङ्कित शब्दहरू व्याकरणिक विचलन हुन् । यस शोकमहाकाव्यमा यस्ता व्याकरिणक विचलनहरू प्रशस्तै पाइन्छन् ।

**ध्वनि प्रक्रियात्मक विचलन**

भाषाको उच्चारणमा देखिने विचलनलाई ध्वनि प्रक्रियात्मक विचलन भनिन्छ । प्रत्येक भाषामा आफ्नै ध्वनि व्यवस्था हुन्छ । भाषाको कुनै खास एकाइको उच्चारणमा मानकसँग स्पष्ट रूपमा छुट्याउन सकिने अन्तर नै ध्वनि प्रक्रियात्मक विचलन हो । यस शोकमहाकाव्यमा रहेका ध्वनि प्रक्रियात्मक विचलनका केही उदाहरणहरू निम्नानुसार रहेका छन् :

- चुथाईमा लिए खेत भन्दै जमिन हो धन,
  लक्ष्मीको दृष्टिले फल्थ्यो नब्बे प्रतिबिघा मन ॥ (खण्ड : २, श्लोक : २०, पृ. ११)
- सीता राधा र सावित्री भृकुटी र अरू पनि,
  नारीका रूपमा देख्न सकिन्छ विश्वरूप नै ॥ (खण्ड : १०, श्लोक : २, पृ. १०२)
- उठ्यो रिस भने साँच्चै दुर्वासाको स्वभाव थ्यो,
  तुरुन्त, तर सेलाई स्वतः हिमाल बन्दथ्यो ॥ (खण्ड : ५, श्लोक : ३५, पृ. ४३)

प्रस्तुत शोकमहाकाव्यमा माथि रेखाङ्कित शब्दहरू ध्वनि प्रक्रियात्मक विचलन हुन् । काव्यकारले छन्द मिलाउने क्रममा ध्वनिको विचलन गराएका छन् ।

**भाषिका विचलन**

मानक भाषाका रूपमा स्वीकार गरिएको भाषिकाका सट्टा अर्को अमानक भाषाको प्रयोग हुनुलाई भाषिक विचलन भनिन्छ । साहित्यिक कृतिमा भाषाको मानक रूपको प्रयोग

नगरेर कुनै भाषिका विशेषका शब्दलाई अग्रभूमिमा ल्याएर नवीनता दिने प्रयास गरियो भने भाषिक विचलन हुन्छ । धर्मा शोकमहाकाव्य पद्यात्मक भएकाले भाषिक विचलन भेटिएन ।

## समानान्तरताका आधारमा धर्मा शोकमहाकाव्यको विश्लेषण

### बाह्य समानान्तरता

साहित्यिक कृतिको आवरण पक्ष वर्ण, छन्द, लय आदिसँग सम्बन्धित पुनरावृत्तिलाई बाह्य समानान्तरता भनिन्छ । बाह्य समानान्तरता स्थुल र मूर्त प्रकृतिको हुन्छ । एक वा एकभन्दा बढी स्वनिम, शब्द, पद समूह, वाक्य आदिको पुनरावृत्तिलाई बाह्य समानान्तरता भनिन्छ । भाषाका वर्ण, रूप, शब्द, पदावली, वाक्य आदि बाह्य स्वरूप वा संरचनाको पुनरावृत्ति भएर प्रकट हुन्छ । त्यसैले यो अभिव्यक्तिमा शब्द वैचित्र्य वा शब्दालङ्कारका रूपमा देखापर्ने गर्दछ । धर्मा शोकमहाकाव्यमा प्रयोग भएका बाह्य समानान्तरताको उदाहरण निम्नअनुसार प्रस्तुत गरिएको छ :

- भित्रभित्रै मिलेका छन् सोझा जन्तुहरू यहाँ,
  चितुवा राजनेताले भनेको मान्दछन् कहाँ ॥ (खण्ड : ३, श्लोक : २७, पृ. १९)
- झिके फलेक एकेक गर्दै, होस गरीगरी,
  सबै झिकेपछि ग्रामबासी भन्थे कठैबरि ॥ (खण्ड : ७, श्लोक : ५३, पृ. ६८)
- वर्णनातीत यो स्थान साँच्चै गमनयोग्य छ,
  पाथीभरासरी तीर्थ सात्र नमनयोग्य छ ॥ (खण्ड : २, श्लोक : ७, पृ. ९)

माथिका रेखाङ्कित शब्दहरू बाह्य समानान्तरताका हुन् । यसले भाषालाई विचलित हुनबाट बनाउँछ ।

### आन्तरिक समानान्तरता

भावार्थ वा वाच्यार्थका बीचमा आन्तरिक रूपले रहने अर्थगत सादृश्यता, नियमितता वा समानतालाई आन्तरिक समानान्तरता भनिन्छ । यो सूक्ष्म खालको हुन्छ । छन्द, अलङ्कार आदिको अर्थतात्विक सन्दर्भलाई यसअन्तर्गत लिन सकिन्छ । जसले आन्तरिक भावनालाई प्रस्फुटित गर्ने कार्य गर्दछ । यस महाकाव्यमा आन्तरिक समानान्तरताका केही प्रयुक्त उदाहरण निम्नानुसार प्रस्तुत गरिएको छ :

- अगाध हर्षको कोशी धर्माका व्यवहारमा
  किनारा नाघ्न आँटेको देखिन्थ्यो अनुहारमा ॥ (खण्ड : ८, श्लोक : ८०, पृ. ८२)

- बिहानी पखमा कुद्दै त्यहाँ आएछ मारुत,
  निर्धो देखेर सोचेछ कि नमारुँ कि मारुँ त ! (खण्ड : ७, श्लोक : ४७, पृ. ६७)
- ढोका झ्याल विहीन त्यो कुटिरमा गारो थियो काँसको,
  सो गारो पनि पूर्वतर्फ नभई सीडी थियो बाँसको ।
  त्यस्तो रूप त्यहाँ थिएन अरूको, नौलो त्यसले भयो,
  साँच्चै केन्द्र रहेछ, पर्यटनको आस्था बनेको थियो ॥ (खण्डः ७, श्लोक : ७, पृ. ६१)

माथि रेखाङ्कित शब्दहरू आन्तरिक समानन्तरताका हुन् । यसले वाक्यभित्रका वाच्यार्थ र भावार्थका साथै छन्द अलङ्कारमा भएको अर्थलाई स्पष्ट पार्ने काम गर्दछ ।

छन्दस् शब्द 'छद' धातुबाट बनिएको छ । यसको धातुगत व्युत्पत्तिमूलक अर्थ हुन्छ 'जो आफ्नो इक्षाले चल्छ' । अतः छन्द शब्दको मूलमा गतिको भाव हुन्छ । यस प्रकार, छन्दको परिभाषा 'जब वर्णहरू यामात्राहरूको नियमित सङ्ख्याको विन्यासबाट यदि आह्लाद पैदा हुन्छ, तब यस्तोलाई छंद भनिन्छ' । छन्दको सर्वप्रथम उल्लेख ऋग्वेदमा गरिएको छ । यदि गद्यको नियम व्याकरण हो भने, पद्यको नियम छंद शास्त्र हो (स्वतन्त्र विश्वकोश, नेपाली विकिपिडिया) । छन्द भनेको ध्वनिहरूको समष्टि हो । सानो सानो अथवा सानो ठुलो ध्वनिहरू जब एउटा व्यवस्थामा सामंजस्य प्राप्त गर्दछ तब यस्तोलाई शास्त्रीय नाम छन्द दिइन्छ। जबमात्रा अथवा वर्णहरूको सङ्ख्या, विराम, गति, लय तथा तुक आदि हरको नियम सँग युक्त कुनै रचना हुन्छ, यस्तोलाई छन्द अथवा पद्य भनिन्छ। यसैलाई वृत्त पनि भनिन्छ ( स्वतन्त्र विश्वकोश, नेपाली विकिपिडिया) ।

'धर्मा' शोकमहाकाव्यमा प्रयोग गरिएका छन्दहरूको अध्ययन गर्दा खण्ड एकदेखि एघार खण्डसम्ममा जम्मा चौधवटा छन्दको प्रयोग गरिएको छ, जसमा खण्ड एकमा स्रग्विणी, पञ्चचामर र अनुष्टुप् छन्दको प्रयोग गरिएको छ । त्यसैगरी खण्ड दुईमा अनुष्टुप् र स्रग्विणी छन्दको प्रयोग गरिएको पाइन्छ ।

खण्ड तीनमा चारवटा छन्दको प्रइोग गरिएको छ । जसमा उपजाति, अनुष्टुप्, शिखरिणी र स्रग्विणी छन्दको प्रयोग गरिएको पाइन्छ । खण्ड चारमा तीनवटा छन्दको प्रयोग गरिएको छ, जसमा अनुष्टुप्, स्रग्धरा र वंशस्थ छन्दको प्रयोग गरिएको छ । त्यसैगरी खण्ड पाँचमा चारवटा छन्दको प्रयोग गरिएको पाइन्छ, जस्तैः अनुष्टुप्, स्रग्धरा, मन्दाक्रान्ता र

मालिनी छन्दको प्रयोग गरिएको छ । त्यसैगरी खण्ड छमा तीनवटा छन्दको प्रयोग गरिएको छ, जसमा अनुष्टुप्, उपजाति र शिखरिणी छन्दको प्रयोग गएको छ ।

त्यसैगरी खण्ड सातमा चारवटा छन्दको प्रयोग गरिएको पाइन्छ । जसमा अनुष्टुप्, शार्दूलविक्रीडित, मन्दाक्रान्ता र स्वागता । खण्ड आठमा तीनवटा छन्दको प्रयोग गरिएको पाइन्छ, जसमा शादूलविक्रीडित, वंशस्थ र अनुष्टुप् छन्दको प्रयोग भएको छ । खण्ड नौमा तीनवटा छन्दको प्रयोग भएको छ, जसमा पाँचवटा छन्दको प्रयोग गरिएको पाइन्छ, जसमा स्रग्विणी, अनुष्टुप्, शादूलविक्रीडित, स्रग्धरा र मन्दाक्रान्ता छन्दको प्रयोग गरिएको छ ।

खण्ड दशमा दुईवटा छन्दको प्रयोग गरिएको छ, जसमा अनुष्टुप् र स्रग्धरा छन्दको रहेका छन् भने खण्ड एघारमा अनुष्टुप् र स्रग्विणी छन्द रहेका छन् ।

## समीक्षा/विश्लेषण, मूल्याङ्कन

प्रस्तुत **धर्मा** शोकमहाकाव्य कोमलप्रसाद पोखरेलले आफ्नी पत्नी धर्माको निधनबाट आकुल व्याकुल भई लेखिएको महाकाव्य हो । यस कृतिमा पोखरेलले आफ्नो वंश, जन्मथलो, धर्माको माइती हुँदै अन्त्यमा धर्माको मृत्यु भइसकेपछि आएका समवेदनापत्रलाई पनि जोडेका छन् । दाम्पत्य जीवनलाई जग्गेले बाँधेको र पारिवारिकताले टाँसेको सम्बन्धभन्दा बढी देख्न छाडेको आजको पुस्तालाई आत्मिक प्रेममा पतिपत्नीको सम्बन्ध कसरी रुपान्तरित भएको हुन्छ भन्ने सन्देश धर्माको अर्को प्राप्ति हो । पीडा देखिने माध्यम आँसु हो तर घाउ जति गहिरो छ उति नै आँसुभन्दा बढी वेदनाको भित्री तह नदेखिँदो पीडा बोलिरहन्छ । यस्तो बेला पीडा बाँड्न सके मनको पहाड हल्का हुन्छ । त्यही मन बहलाउनका लागि कोमलप्रसाद पोखरेलले धर्मालाई जन्माउन सफल भएको देखिन्छ ।

समग्रमा भन्नुपर्दा भौतिक शरीर माटामा मिले पनि वेदनालाई अक्षरमा उतारेर कहिल्यै नमर्ने धर्मा जन्मिउन सफल पोखरेलको यो कृतिमा देशप्रेम, नारी जागरण र समाजसेवाका कुरा प्रसस्तै रहेका छन् । त्यसैगरी यस कृतिमा मातृवात्सल्य पनि रहेको छ भने नोबेले अस्पताललाई राक्षसको आवस भनी उल्लेख गरेका छन् ।

## धर्मा शोक महाकाव्यमा प्रयोग भएका छन्दहरूको अध्ययन

कोमलप्रसाद पोखरेलद्वारा लिखित धर्मा शोक महाकाव्यमा जम्मा १४ वटा छन्दको प्रयोग भएको पाइन्छ, जसलाई तल देखाइएको छ :

**स्रग्विणी छन्द**

यस छन्दमा जम्मा चारवटा रगण रहेका हुन्छन् । यो छन्दमा जम्मा १२ अक्षरको हुन्छ, जस्तैः

श्वास नै बन्द भो शीघ्र आऊ उडी,
मूषिका पर्खिए देह जाला लडी ।
ग्राहद्वारा यहाँ पक्डिएको गज
कृष्णको रुप ली पार लाऊ अब ॥२॥

(पोखरेल, २०७४:१)

**पञ्चचामर छन्द**

पञ्चचामर छन्द जम्मा १६ वटा अक्षर बनेको हुन्छ भने पाँचवटा गणको प्रयोग गरिएको हुन्छ भने र अन्त्यको अक्षर दीर्घ हुन्छ, जस्तैः

ललाटको पैदेशमा प्रदीप्त अग्निको द्युति
गरेर भस्म कामको भुकाइए शचीपति ।
सुधांशुले सदैव नै छ ईश-भाल उज्वल,
जटा-कपालि शम्भुले दिऊन् सदैव दौलत ॥३१॥

(पोखरेल, २०७४:७)

**इन्दिरा**

यो छन्द जम्मा एघार अक्षरको हुन्छ । यसमा तीनवटा गण र अन्तिमका दुईवटा अक्षर लघु र गुरु हुन्छन्, जस्तैः

प्रकृतिमा कुनै सानु या बडो
विषय हुन्न क्यै एकछत्त हो ।
शशकको यहाँ जति महत्व हो,
नगजको पनि त्यति महत्व हो ।

(पोखरेल, २०७४:१८)

**शिखरिणी**

शिखरिणी छन्दमा जम्मा सत्रवटा अक्षरहरु हुन्छन्, जसमा पाँचवटा गण र अन्तिमका दुई अक्षर लघु र गुरु हुन्छन्, जस्तैः

यहाँ बस्छन् धेरै विहग तर जातिप्रति कुनै
वितन्डा मच्चाई खलबल गरी फूट सृजने ।
कुनै पक्षी नेता अबतक यहाँ छैन, नबनोस्,
चराको योश प्रमुखहरुको अंश नबनोस् ।

(पोखरेल, २०७४:१९)

**उपेन्द्रवज्रा**

उपेन्द्रवज्रा छन्दमा जम्मा एघार अक्षर हुन्छन् । यसमा तीन गण र अन्तिमका दुई अक्षर गुरु हुन्छन्, जस्तैः

इलामको पश्चिम पुष्पमाई
बगीरहेको छ बधैं सुसाई
गरा हुँदै कल्कल बग्छ पानी
जागा भई हेर्दछ राजधानी ।

(पोखरेल, २०७४:२१)

**स्रग्धरा छन्द**

स्रग्धरा छन्दमा जम्मा २१ अक्षर हुन्छन् भने सातवटा गणहरु हुन्छन्, जस्तैः

कालो कालीज गैरौं मरुल टिमटिमा मारुनी पीतपक्षी,
छेपारे भारद्वाजे रबिन टिकटिके प्राय छन् शाकभक्षी ।
बौंडाई नाच गर्छन् छमकछम बिजुला गाउँछन् दिव्य गान,
यस्ता पक्षी रहेको सुरभि प्रकृतिको माइती हो इलाम ॥८॥

(पोखरेल, २०७४:२६)

**वंशस्थ**

यस छन्दमा जम्मा बाह्र अक्षर हुन्छन् र चारवटा गण हुन्छन्, जस्तैः

सल्लो सिसौ साल, चिलाउने अनि
कर्मा तथा चाँप र कट्टुसै पनि ।
प्रयुक्त हुन्छन्, गृहकार्यमा सदा,
हुन् वृक्ष हाम्रा गहना इलामका ॥३४॥

(पोखरेल, २०७४:३०)

**मन्दाक्रान्ता**

यस छन्दमा जम्मा सत्र अक्षर हुन्छन् भने जम्मा पाँचवटा गणहरु रहेका छन् र अन्तिमका दुई अक्षर दीर्घ हुन्छन्, जस्तैः

खोला पारी शयन सुखमा शान्ति डाँडा सिरान-
पारी सेतो फुटुक जहिल्यै हाँसिरहन्थ्यो बिहान ।
साङ्ग्रुम्बाले फुटक पहरा गर्दथ्यो ढल्किएर
पारी गाँ रविकिरणले हाँस्दथे मस्किएर ॥१५॥

(पोखरेल, २०७४:४१)

**मालिनी**

यस छन्दमा जम्मा पन्ध्र अक्षर रहेका हुन्छन् भने यसमा जम्मा पाँचवटा गण रहेका हुन्छन्, जस्तैः

सकल भुवन नेत्री बुद्धिदाता विचित्र !
नमन छ बसिराखे शारदे ! काव्यभित्र ।
यसपछि कवितामा काव्यकी नायिकाका
श्वसुर अनि उनैको राखिद्यौ गेय गाथा ॥१२७॥

(पोखरेल, २०७४:५४)

**शार्दूलविक्रीडित**

यस छन्दमा जम्मा उन्नाइसवटा छन्द हुन्छन भने छवटा गण हुन्छन् भने अन्तिमको अक्षर दीर्घ हुन्छ, जस्तैः

सारै सुन्दर हेर्न लायक हुँदा आएर हेर्थे घर,
हेर्ने धेर थिए तथापि दुइले माने बडो सुन्दर ।
तिन्मा पूर्व-हवा वसन्त ऋतुमा भित्रै पसी हेर्दथे,
वर्षामा जलविन्दु पर्यटकले आएर ब्यूँझाउँथे ॥९॥

(पोखरेल, २०७४:६२)

**अनुष्टुप**

यस छन्दमा जम्मा सोह्रवटा अक्षरहरु हुन्छन् भने पाँचवटा गण हुन्छन् र अन्तिमको एउटा अक्षर दीर्घ हुन्छ, जस्तैः

तिनै संघ र संस्थको नामाङ्कन म  गर्दछु,
आफ्ना निम्ति पनि त्यस्तै इतिहास म कोर्दछु ॥२॥

(पोखरेल, २०७४:१०९)

**द्रुतविलम्वित**

यस छन्दमा जम्मा बाह्रवटा अक्षर हुन्छन् र चारवटा गण रहेका हुन्छन्, जस्तैः

कति कुरा दुइमा नमिलेपछि,
रिस झडङ्ग उठी म हिँडेपछि ।
म घरतर्फ फिरेर नआउँदा,
प्रिय कुरेर दिनैभरि बस्दथ्यौ ॥

(पोखरेल, २०७४:९२)

**तोटक**

तोटक छन्दमा जम्मा बाह्रवटा अक्षरहरु हुन्छन् भने चारवटा गण हुन्छन्, जस्तैः

अब नाउ खियाउन छैन बल
विपरीत बहन्छ सधैँ अनल ।
प्रभु-हात छ जीवन नाविकको
अब पार लगाउन जीवन यो ॥१२॥

(पोखरेल, २०७४:३)

उपजाति

यस छन्दमा जम्मा एघार अक्षर रहेका छन् भने तीनवटा गणहरु रहेका हुन्छन् र अन्तिममा दुई अक्षर दीर्घ हुन्छन्, जस्तैः

सम्झन्छु नित्य प्रिय जन्म ठाउँ
जपेर बस्दैछु सधैँ म नाउँ ।
माया भए लौ न तुरुन्त आऊ
म धन्य बस्नेछु धुएर पाऊ ॥२३॥

(पोखरेल, २०७४:५)

# अध्याय पाँच : निष्कर्ष तथा उपसंहार

कोमलप्रसाद पोखरेलको जन्म १९९९ साल असार ३ गते इलामको तोरीबारीमा माता मीनरूपा र पिता रामनाथबाट भएको थियो । उनले कलिलै उमेरदेखि जागिरको सुरुवात गरेका थिए । जीवनमा विभिन्न किसिमका उतारचढावका साथ अघि बढिरहेका पोखरेलले समय-समयमा आफ्नो सिर्जनालाई पनि अगाडि बढाउँदै लगेको पाइन्छ ।

कोमलप्रसाद पोखरेलद्वारा लिखित सृजनासँग युवावयदेखि नै आकर्षित हुँदै आए तापनि ०५१ सालमा एक्कासी भोग्नुपरेको पुत्रवियोगको जन्मिएको मेरो सूर्य (शोककाव्य, २०५१), हाउडी पुराण (२०५२), अन्तर्व्यथाः आजको (कथाकृति २०६०) तथा मेरो अमेरिकाको यात्रा (नियात्रा २०६८) र धर्मा (शोकमहाकाव्य २०७४) रहेका छन् । प्रस्तुत शोधपत्र धर्मा महाकाव्यको शैलीवैज्ञानिक अध्ययनमा गरिएको छ ।

यस शोक महाकाव्यमा जम्मा एघार खण्ड रहेका छन् । जसअन्तर्गत पहिलो खण्ड ईशवन्दना रहेको पाइन्छ । यसमा विभिन्न ठाउँका मठमन्दिर, पाखापर्वत, नदीनाला, भूगोल आदि रहेको वर्णन गरिएको छ । खण्ड दुईमा धर्माको जन्मस्थान इलामको जिमीखाँदको वर्णन गरिएको छ । खण्ड तीनमा जिमीखाँद र इलामको प्राकृतिक वर्णन गरिएको छ । त्यसैगरी खण्ड चारमा इलामको प्राकृतिक महत्वको वर्णन गरिएको छ ।

खण्ड पाँचमा कविको आफ्नो वंशको वर्णन गरिएको छ । खण्ड छमा धर्माको गार्हस्थ जीवनको वर्णन गरिएको छ । खण्ड सातमा धर्मासँग सुरुङ्गामा बिताएको गरिबीले पिल्सिएको क्षणको वर्णन गरिएको छ भने यसको अन्त्यमा पुत्र सूर्यको निधनको वर्णन गरिएको छ । त्यसैगरी खण्ड आठमा कविका सन्ततिहरुको वर्णन गरिएको छ । त्यसैगरी खण्ड नौमा पत्नी शोकको वर्णन गरिएको छ ।

यसमा धर्माको निधन र त्यसपछिको धर्माका पतिको भावसागर तरङ्गित भएको छ भने खण्ड दशमा नारी जातिकै महिमाको बखान गर्दै धर्मालाई आफ्नो जीवनको स्रोतका रुपमा लिएको पाइन्छ । उनका शैक्षिक दूरदर्शिता, सामाजिक सेवा र पारिवारिक दायित्वबोध भएको कुरा उल्लेख छ । त्यसैगरी एघारमा धर्माको निधनपछि विभिन्न संस्थाबाट आएका शोकसन्दृशहरुको विवरण र अन्त्यमा कविले शोकलाई गीताध्ययनबाट मन बुझाएको कुरा आएको छ ।

## निष्कर्ष

धर्मा शोकमहाकाव्य भाषिक चयनका आधारमा तत्सम, तद्भव, आगन्तुक, झर्रा तथा अनुकरणात्मक शब्दको चयन औचित्यपूर्ण रहेको पाइन्छ। नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियाविशेषण, पदवर्गको चयनमा मानक भाषाको नै बढी प्रयोग पाइन्छ। समानान्तरता र विचलन उपयुक्त रहेको पाइन्छ। नेपाली महाकाव्यको परम्परामा शोकविषयक कारुणिक महाकाव्यको सफल नाम बन्नेछ धर्मा र यसका सर्जकका रूपमा कवि कोमल पोखरेल सदा अमर रहनेछन् काव्यधाराहरूमा।

यो धर्मा शोकमहाकाव्यको शैलीवैज्ञानिक अध्ययन, विश्लेषण गर्ने क्रममा कथावस्तु, चरित्रका तत्वगत आधारमा विश्लेषण गरी चयन, विचलन र समानान्तरताको औपन्यासिक अध्ययन, विश्लेषण तथा सैद्धान्तिक रूपरेखा समेत प्रस्तुत गरिएको छ। यस क्रममा प्रस्तुत धर्मा शोकमहाकाव्यको विश्लेषणका क्रममा शोधकार्यको परिचय, पूर्वकार्यको समीक्षा, पूर्वकार्यको उपयोगिता, भाषाविज्ञानको सैद्धान्तिक रूपरेखा समेत प्रस्तुत गरिएको छ।

यसरी शैलीवैज्ञानिक अध्ययन गर्ने क्रममा धर्मा शोकमहाकाव्यको अनुसन्धानलाई पूर्णता दिन पुस्तकालयीय विधि प्रयोग गरिएको छ। यस अध्ययनमा प्राथमिक स्रोतका रूपमा शोक महाकाव्य कोमलप्रसाद पोखरेलद्वारा लिखित धर्मा शोकमहाकाव्य २०७४ सालमा बुद्ध अफसेट प्रेसले प्रकाशनमा ल्याएको पाइन्छ। त्यसैगरी द्वितीय स्रोतको रूपमा शैलीविज्ञान, प्रायोगिक भाषाविज्ञान र यस शोकमहाकाव्यका बारेमा भएका विभिन्न लेख, टीकाटिप्पणी तथा अन्य उपन्यास, कथा आदिका शैलीविज्ञान सम्बन्धी शोधपत्रहरू लिइएको छ।

## उपयोगिता

यस शोधबाट 'धर्मा' शोक महाकाव्यमा शैलीविज्ञानका सम्बन्धमा अध्ययन गर्न चाहने लेखक, पाठक वा स्रष्टालाई लाभदायी हुने देखिन्छ। त्यसैगरी महाकाव्य लेखनतर्फ आकर्षित हुन चाहने हरेक व्यक्तिका निम्ति शैलीविज्ञानका बारेमा सचेत रहँदै सही ढङ्गले कविता सिर्जना गर्न सकिने मार्गदर्शन पनि प्राप्त गर्न सकिन्छ।

समग्रमा यस अध्ययनबाट शैलीविज्ञानका बारेमा ज्ञान हासिल गर्दै अन्य कृतिमा पनि के कस्ता विचलन छन् भन्ने कुराको अध्ययन, खोज एवम् अनुसन्धान गर्न सहज

भएको छ। त्यसैगरी अन्य विभिन्न विचलनका बारेमा अनुसन्धान गर्न चाहने अनुसन्धातालाई मार्ग प्रशस्त पनि गरेको छ।

यो शोधकार्य कुनै पनि साहित्यिक रचनाहरूको शैली वैज्ञानिक अध्ययन गर्न चाहने शोधकर्तालाई उपयोगी हुन्छ। त्यस्तै यस शोक महाकाव्यभित्रको भाषिक पक्षको बारेमा आँकलन गर्न उपयोगी हुन्छ। महाकाव्यकारलाई आफ्नो कृतिको वस्तुपरक अध्ययनबाट पृष्ठपोषण प्राप्त हुन्छ। यस महाकाव्यभित्र धर्माको निधनपछि विभिन्न संस्थाबाट आएका शोकसन्देशहरूको विवरण र अन्तमा कविले शोकलाई गीताध्ययनबाट मन बुझाएको कुरा आएको छ र कविको शोक काव्य सकिएको छ।

## भावी अनुसन्धान पक्ष

महाकाव्यकार कोमलप्रसाद पोखरेलद्वारा रचना गरिएको यो 'धर्मा' शोकमहाकाव्यको शैलीवैज्ञानिक अध्ययनले शैली विज्ञानसँग सम्बन्धित विषयमा अनुसन्धान गर्न चाहने भावी अनुसन्धानकर्तालाई महत्वपूर्ण सहयोग पुग्दछ। अनुसन्धानका निम्ति महाकाव्यकारका रचना तथा कृतिहरूको भावी अनुसन्धानकर्तालाई अनुसन्धानका लागि निम्नलिखित अनुसन्धानका शीर्षकहरू हुन सक्छन् :

क) महाकाव्यकार कोमलप्रसाद पोखरेलको शोक महाकाव्यमा समाविष्ट आगन्तुक शब्दहरूको प्रयोग

ख) महाकाव्यकार कोमल पोखरेलको सूर्य महाकाव्यको शैलीवैज्ञानिक अध्ययन

ग) मेरो अमेरिका यात्रा (नियात्रा) को शैलीवैज्ञानिक अध्ययन

# सन्दर्भसामग्री सूची


अधिकारी, हेमाङ्गराज (२०६२), **सामाजिक र प्रायोगिक भाषाविज्ञान,** काठमाडौं : रत्न पुस्तक भण्डार ।

खरेल, प्रमिला (२०७०), **'तारा' शोककाव्यको शैलीवैज्ञानिक अध्ययन** (अप्रकाशित शोधपत्र) सुरुङ्गा : बहुमुखी क्याम्पस झापा ।

गिरी, एकराज (२०७१), **'आमाको सपना' कविता सङ्ग्रहमा व्याकरणिक कोटि विचलनको अध्ययन** (अप्रकाशित शोधपत्र) सुरुङ्गा : बहुमुखी क्याम्पस झापा ।

गौतम, वासुदेव, अधिकारी, गणेश र लम्साल रामचन्द्र (२०७०), **प्रयोगात्मक भाषाविज्ञान,** काठमाडौं : भुँडीपुराण प्रकाशन ।

ढकाल, शान्तिप्रसाद (२०६९), **प्रायोगिक भाषाविज्ञान**, काठमाडौं : सुजता प्रकाशन ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०५९), **प्रायोगिक भाषाविज्ञान**, काठमाडौं : एम.के. पब्लिसर्स डिस्ट्रब्युटर्स ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०६९), **सामान्य र प्रायोगिक भाषाविज्ञान**, काठमाडौं : एम.के. पब्लिसर्स डिस्ट्रब्युटर्स ।

तिवारी, भोलानाथ, (सन् १९९५), **भाषाविज्ञान**, इलाहावाद : किताब महल ।

त्रिपाठी, वासुदेव (२०६५), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग २,** ललितपुर : साझा प्रकाशन ।

थापा, नरेन्द्रप्रकाश (२०७२), **'अन्तर्व्यथाः आजको' कथासङ्ग्रहमा समाविष्ट कथाहरूको शैली वैज्ञानिक अध्ययन** (अप्रकाशित शोधपत्र) सुरुङ्गा : बहुमुखी क्याम्पस झापा ।

नेपाल, घनश्याम, (सन् १९९२), **शैलीविज्ञान**, गान्तोक : आकुरा प्रकाशन ।

पोखरेल, बालकृष्ण (२०४०), **बृहत नेपाली शब्दकोष**, काठमाडौँ : ने.रा.प्र.प. ।

पोखरेल, कोमलप्रसाद (२०७४), **धर्मा** शोक महाकाव्य, झापाः बुद्ध अफसेट ।

बन्धु, खेम कोइराला र रामप्रसाद गौतम (२०६५), **अनुसन्धान विधि**, काठमाडौं : दीक्षान्त प्रकाशन ।

भट्टराई, नारायण (२०६९), **'बाटुली' पत्रकाव्यको शैलीवैज्ञानिक अध्ययन** (अप्रकाशित शोधपत्र) सुरुङ्गा : बहुमुखी क्याम्पस झापा ।

भट्टराई, तीर्थराज (२०६७) **'प्रेतकल्प' उपन्यासको शैलीवैज्ञानिक अध्ययन** (अप्रकाशित शोधपत्र), सुकुना बहुमुखी क्याम्पस ..ङ ।

भण्डारी, पारसमणि र रामनाथ ओझा (२०७१), **भाषिक अनुसन्धान विधि,** काठमाडौ : पिनाकल पब्लिकेशन प्रा.लि ।

भण्डारी, पारसमणि र माधवप्रसाद पौडेल (२०६३), **साहित्यशास्त्र र नेपाली समालोचना**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र शक्तिराज नेपाल (२०६७), **प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि (२०४३), **स्नातकोत्तर नेपाली शिक्षा शोध विवरण**, काठमाडौं : न्यू हिरा बुक्स ।

भट्टराई, रामप्रसाद (२०६५), **भाषिक अनुसन्धान विधि**, काठमाडौं : शुभकामना प्रकाशन ।

शर्मा, विष्णुप्रसाद (२०७०) **प्रायोगिक भाषाविज्ञान**, काठमाडौं पब्लिकेशन प्रा.लि. ।

शर्मा, मोहनराज (२०४८) **शैलीविज्ञान**, काठमाडौं नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

सुवेदी, लोकेन्द्र (२०७३), **'दमिनी भीर' उपन्यासको शैलीवैज्ञानिक अध्ययन** (अप्रकाशिन शोपधत्र) जनता बहुमुखी क्याम्पस सुनसरी ।

## व्यक्तिवृत्त



**नाम** : यशोदा उप्रेती

**जन्म** : २०४४/०४/२०

**पिताको नाम** : प्रेमप्रसाद उप्रेती

**माताको नाम** : इन्दिरादेवी उप्रेती

**स्थायी ठेगाना** : बिर्तामोड १

**सम्पर्क नं** : ९८४९०४९४७५

**नागरिकता** : नेपाली

**धर्म** : हिन्दू

**मातृभाषा** : नेपाली

**वैवाहिक स्थिति** : विवाहित

**पेशा** : शिक्षक

**शैक्षिक योग्यता** : एम.एड.

| क्र.सं. | तह | अध्ययन गरेको संस्था |
|---|---|---|
| १. | प्रवेशिका | : कनकाई माध्यमिक विद्यालय, सुरुङ्गा |
| २. | आइ.एड. | : कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा |
| ३. | बी.एड. | : पशुपति बहुमुखी क्याम्पस, काठमाडौं |
| ४. | स्नातकोत्तर | : कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा |